# अध्याय एक

## १ परिचय (Introduction)

आमसञ्चारको श्रव्य माध्यमको रुपमा रेडियोलाई चिनिन्छ। आधुनिक रेडियोको विकास प्रथम विश्वयुद्धको समयदेखि शुरु भएको हो।[1] संसारमा रेडियो शुरु भएको तीन दशकपछिमात्र नेपालमा रेडियोको थालनी भएको हो। नेपालमा सबैभन्दा पहिले वि.सं २००७ सालमा रेडियोको शुरुवात भएको हो।[2]

“यो प्रजातन्त्र नेपाल हो। ...” भन्ने बोलीबाट नेपालमा पहिलोपटक बि.सं २००७ साल मंसीरमा बिराटनगर जुटमिलबाट रेडियोको शुरु भएको थियो। यो नै नेपाली भूमिमा स्थापित पहिलो रेडियो स्टेशन थियो।[3] बि.सं २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि त्यही रेडियो काठमाण्डौबाट हुन थाल्यो, जुन प्रजातन्त्र रेडियो थियो। त्यही प्रजातन्त्र रेडियो नै बि.सं २००७ साल चैत २० गतेदेखि बिधिवत रुपमा अहिलेको रेडियो नेपाल बन्यो।

बि.सं २०४६ सालमा सम्पन्न जनआन्दोलनपछि राष्ट्रले नीजि क्षेत्रलाई पनि सहभागी गराउने मान्यता अगाडि बढायो।[4] वि.सं २०४९ ले फ्रिक्वेन्सी मोडुलेशन (एफएम) प्रबिधिमार्फत नीजि क्षेत्रलाई प्रशारणको लागि ढोका खोलिदियो। त्यही नीतिका कारण अहिलेका एफएम रेडियोहरूको स्थापना सम्भब भएको थियो।

नेपालमा एफएम रेडियोको बि.सं २०५२ कात्तिक ३० गतेबाट शुरु भयो। उक्त दिन एफएम काठामाण्डौ १०० मेगाहर्जका नामबाट रेडियो नेपालले पहिलो एफएम शुरु गर्‍यो। नीजि क्षेत्रको पहिलो एफएम भने रेडियो सगरमाथा बन्यो, जुन २०५४ साल जेठ ९ गतेबाट शुरु भयो।[5]

---

१ आमसञ्चार पत्रकारिता अध्ययन आचार्य, भानुभक्त। बि.सं २०६४
२ बहुलबादी नेपाली समाजमा आमसञ्चार। खनाल, चिरञ्जीवी बि.सं २०५४
३ बहुलबादी नेपाली समाजमा आमसञ्चार। खनाल, चिरञ्जीवी बि.सं २०५४
४ रेडियो पधकारिता: एफएममा समाचार र संवाद
५ रेडियो पधकारिता: एफएममा समाचार र संवाद

रेडियो सगरमाथाको शुरुवातसँगै नीजि क्षेत्रका अन्य एफएमहरूले पनि इजाजत पाए। एकपछि अर्को गर्दै खुलेका एफएम रेडियोहरू बि.सं २०६१ माघ १९ को तत्कालिन राजाको शासनपछि झनै फस्टाउने मौका पाए। सञ्चार मन्त्रालयले दिएको जानकारी अनुसार अहिले ३२२ एफएमहरूले अनुमति पाएका छन् भने ती मध्ये १८४ एफएमहरू सञ्चालनमा छन्।[६]

## १.१ एफएमको महत्व

नेपाल एक अल्पविकसित देश हो। गरिबीको रेखामुनी रहेका अधिकांश नेपालीहरू भौगोलिक बिकटताले गर्दा निकै पछाडि परेका छन्। जहाँ सूचना, शिक्षा, स्वास्थ्य, यातायात लगायतका यावद कुराहरू पुग्न सकेका छैनन्। यसले गर्दा अधिकांश नेपालीहरू सूचनाको पहुँचबाट टाढिनु परेको छ। भौगोलिक बिकटताकै कारण राजधानीबाहिरका दुर्गम जिल्लाहरूमा छापामाध्यम पुग्न सक्ने अबस्था छैन भने टेलिभिजन र अनलाइनहरूको पहुँच थोरै मानिसहरूमा मात्र पुग्न सकेको छ। त्यसैले सस्तो, छिटो र निरक्षरका लागि पनि रेडियो उपयुक्त माध्यम बन्ने गरेको छ। जसले गर्दा एफएम रेडियो छोटो समयमै नेपालीहरूमाझ निकै लोकप्रिय बन्दै गएको छ। यसरी गाउँ गाउँमा खुलेका एफएमहरूले आफ्ना गाउँघरका खबरहरू तुरुन्तै समेटेर गर्ने भएकोले एफएमको महत्व निकै बढेको हो।

## १.२ पृष्ठभूमि (Background)

तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ र सञ्चार नीति २०४९ को धरातलमा स्थापित नीजि क्षेत्रबाट सञ्चालित स्वतन्त्र रेडियोहरू (एफएम) तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा अप्ठ्यारोमा परे। सूचनामूलक कार्यक्रममा लगाएको बन्देजका कारण स्वतन्त्र रेडियोहरू प्राणबिहिन झै भए।[७] जसका कारण स्वतन्त्र रेडियोहरूको अस्तित्व नै संकटमा परेको थियो।

---

६ सूचना तथा सञ्चार मन्त्रालयको अभिलेख
७ नेपाल पत्रकार महासंघ, बुलेटिन २०६३

बि.सं २०४६ सालमा मुलुकमा स्थापित प्रतिस्पर्धात्मक बहुदलिय प्रजातन्त्र र २०४७ सालको नेपाली जनताको मौलिक हकप्रति उदार संविधानका कारण स्वतन्त्र रेडियोहरू (जो आज एफएम रेडियो भनेर चिनिन्छन्) स्थापित भएका थिए। नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता, प्रकाशनको स्वतन्त्रता, सूचनाको हक[८] र यी हकलाई प्रत्याभूत गर्न बनेको ऐन राष्ट्रिय ऐन २०४८ र सञ्चार नीति २०४९ को परिकल्पना अनुसार आजका एफएम रेडियोहरूको स्थापना सम्भब भएको थियो।

देशको संबैधानिक र कानूनी प्राबधानभित्र रही स्वतन्त्र रेडियोहरू स्थापना हुने क्रम २०५२ सालपछि शुरु भयो। स्थापनाको प्रारम्भदेखि नै एफएम रेडियोहरू स्वतन्त्र समाचारको माध्यम बने। जसले गर्दा एफएम रेडियोहरूको लोकप्रियता ह्वात्तै बढ्यो।[९] फलत रेडियोहरूको स्थापनाको क्रम काठमाण्डौ बाहिर पनि विस्तार भयो।

तर राजा ज्ञानेन्द्रले वि.स.२०६१ साल माघ १९ गते प्रत्यक्ष शासन शुरु गर्दा आमसञ्चारमाध्यममाथि परेको असर रेडियोमा पनि पर्‍यो। शाही घोषणाको अन्त्यसँगै सेना र प्रहरी स्वतन्त्र टेलिभिजन, पत्रपत्रिका र रेडियो स्टेशन कब्जा गर्न पुगे। सरकारको आदेश अनुसार सेना र प्रहरीले एफएम र टेलिभिजनबाट समाचारमूलक कार्यक्रम बन्द गराए भने पत्रपत्रिकामा सेनाले भने अनुसारको समाचार मात्र छापिन थाले।

माघ १९ गतेको राजाको घोषणाले संकटकाल र नागरिकका मौलिक हकहरू निलम्बन गर्‍यो। संकटकाल लागू भएपछि एकैपटक संविधानको धारा १२ को उपधारा २ को खण्ड क, ख र घ, धारा १३ को उपधारा १ को धारा १५, १६, १७, २२ र २३ (बन्दी प्रत्यक्षीकरणको उपचार बाहेक ) निलम्वन गरिएको थियो।[10] पैतालिस मिनेट लामो शाही सम्बोधनमा सञ्चारमाध्यमकाबारेमा यस्तो भनिएको थियो।

८ नेपालको संविधानको धाराहरू क्रमश १२ ३ क, १५ र २७ ....
९ रघु मैनालीसँगको कुराकानीमा आधारित
१० शाही घोषणा माघ १९, २०६१

*"...स्वतन्त्र सञ्चारक्षेत्र प्रजातन्त्रको चेतना प्रबाह गर्ने माध्यम हुन् । राष्ट्रिय हितको सम्बर्द्धनमा यसको भूमिका रहन्छ । हरेकको जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चारमाध्यमले शसक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास लिएका छौं ।"*

उक्त घोषणाले संकटकाल लागू गऱ्यो । त्यसपछि सूचना तथा सञ्चार मन्त्रालयले एक सूचना जारी गरी स्वतन्त्र रेडियोबाट समाचार र समाचारमूलक कार्यक्रममाथि प्रतिबन्ध लगायो ।[११]

संकटकालमा एफएमहरूबाट बिशुद्ध मनोरञ्नात्मक कार्यक्रम बाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनैपनि बिश्लेषणात्मक कार्यक्रम गर्न नपाइने सूचना जारी भयो । यस्तो सूचनाको उल्लंघन गरेको खण्डमा राष्ट्रिय ऐन अनुसार सजायको भागी हुनुपर्ने चेतावनी पनि दिइएको थियो । उक्त सूचना राष्ट्रिय ऐनको दफा ७ एंव राष्ट्रिय नियमावली २०५२ को नियम ८ को खण्ड च ले दिएको अधिकारको आधारमा जारी गरिएको पनि उल्लेख छ । यो निर्देशनसँगै देशका २२ जिल्लामा खुलेका ५६ एफएम स्टेशनहरू समाचार गर्नबाट तत्काल बञ्चित भए । उक्त बन्देजका कारण एफएमहरूमा समाचार उत्पादनमा संलग्न करिब १ हजार रेडियो पत्रकारहरू बेरोजगार भए ।

प्रजातन्त्रको पुर्नस्थापना र नेपाल अधिराज्यको संविधान २०४७ जारी भएपछि नेपालको प्रेस जगतले प्रकाशन स्वतन्त्रताको उपभोग गर्ने अवसर पाएको थियो । संविधानले प्रेस स्वतन्त्रताको ग्यारेण्टी गरेका कारण नेपालमा स्वतन्त्र रेडियोको विकास र विस्तार निकै उत्साहजनक रुपमा भएको थियो । तर माघ १९ पछि एकपछि अर्को आदेशका भरमा समाचार र सूचनामूलक कार्यक्रमहरू बन्द भएपछि जनताका सूचनाका माध्यमका रुपमा स्थापित स्वतन्त्र रेडियोहरूको अस्तित्व नै संकटमा पर्ने अबस्था आएको थियो । जसको कारण ती रेडियोहरूमा काम गर्ने पत्रकारहरू मारमा परेका थिए ।

११ गोरखापत्र दैनिकमा प्रकाशित सूचना तथा सञ्चार मन्त्रालयको सूचना, २०६१ माघ २१ र २२ गते ।

## १.३ नेपालमा एफएम रेडियो

वि.सं २०४६ सालमा जारी भएको नेपाल अधिराज्यको संविधानले नागरिकका मौलिक हकहरूको पूर्ण प्रत्याभूति गर्‍यो ।[१२] संविधानको भावना अनुरुप राष्ट्रिय संचार नीति २०४९ र राष्ट्रिय ऐन २०४८ जारी भएपछि सहज र सरल संचारप्रबिधि मानिएको एफएम रेडियो प्रणालीको स्थापना तथा सञ्चालनमा नीजि क्षेत्रको सहभागिता सम्भव भयो । वि.सं २०५२ सालमा जारी राष्ट्रिय नियमावलीले एफएम रेडियो का लागि आवश्यक विधि तथा प्रक्रियाहरू निर्धारण गर्‍यो ।

नेपाली आमसंञ्चारको विकासका लागि राजनीतिक र प्राबिधिक दुबै वातावरण क्रमशः अनुकूल बन्दै थियो । तर अस्थिर राजीतिक वातावरण, दृष्टिकोणबिहिन राजनीतिक नेतृत्व र पुरानै पद्धतिमा बानी परेको प्रशासनिक वातावरण सञ्चार प्रणालीको उत्साहप्रद विकासका लागि प्रतिकूल थियो ।[१३]

वि.सं २०४९ सालमा राष्ट्रिय सञ्चार नीतिले नीजि क्षेत्रको सहभागिता प्रत्याभूत भएपछि एफएमहरू स्थापनाको बाटो खुला गर्‌यो । सो सञ्चार नीति आएको लगत्तै सरकार भन्दा बाहिर रहेर रेडियो गर्न २०४९ कात्तिक ७ गते नेपाल वातावरण पत्रकार समूहले सूचना तथा सञ्चार मन्त्रालयमा निवेदन दियो ।[१४] तर निवेदनमाथि कुनै कारबाही भएन । रेडियोमाथिको आफ्नो एकाधिकार कायमै राख्न सरकारले नयाँ रणनीति अख्तियार गर्‌यो । सरकारले विना इजाजत रेडियो नेपाललाई २०५२ साल कात्तिक ३० गतेदेखि एफएम काठमाण्डौको शुरु गर्न दियो । तर रेडियो सगरमाथाले भने २०५४ जेठ ५ गते मात्र इजाजत पायो । त्यसपछि भने एफएमहरूको खुल्ने क्रम बढ्यो । राजाको प्रत्यक्ष शासन शुरुहुँदा उपत्यकाभित्र १२ वटा एफएम मा थिए भने मुलुकभरमा ५६ वटा एफएमले इजाजत पाइसकेका थिए ।

१२ नेपाल अधिराज्यको संविधान २०४७, धारा १२, १३ र १६
१३ वन्त, प्रत्युष र मैनाली, रघु, स्थानीय रेडियोः सम्भावना र उपयोगिता, २०५९
१४ नेपाल वातावरण पत्रकार समूहको अभिलेखबाट

## १.४ माघ १९ पछि एफएमहरू र तीनमा कार्यरत पत्रकारहरूको अबस्था

वि.सं २०६१ साल माघ १९ गते तत्कालिन राजा ज्ञानेन्द्रको शाही सम्बोधन सकिदा नसकिदै सैनिकहरू स्वतन्त्र रेडियोहरूमा पुगिसकेका थिए। जहाँ उनीहरूले त्यहाँ कार्यरत कसैलाई पनि भित्र बाहिर गर्न दिइएन। कार्यालयबाहिर रहेका कर्मचारीहरू बाहिरै भए भने सेना पुग्दा कार्यालयमा रहेका पत्रकार र कर्मचारी एफएम स्टेशनमा प्रवेश बाहिर निस्कन समेत पाएनन्।[१५] सेनाले एफएमको स्टुडियो, समाचारकक्ष र छतलाई समेत नियन्त्रणमा लियो र गीत बाहेकका सबै कार्यक्रम मा रोक लगायो। हेर्दा लाग्थ्यो त्यो एफएम स्टेशन नभएर सेनाको मिनी ब्यारेक हो।

रेडियो सगरमाथामा शाही घोषणा अघि नै सेना पुगिसकेका थिए। उनीहरूले गीत संगीतबाहेक अरु केही नगर्नु भनि रेडियोकर्मीहरूलाई खबरदारीपूर्ण चेतावनी मात्र दिएनन, उद्घोषण गर्न समेत रोक लगाए। साथै, उनीहरूले आफ्ना १८ जवान सुत्न रेडियो सगरमाथाको कार्यक्रम उत्पादकहरूको एउटा कोठा नै कब्जामा लिए।[१६]

कान्तिपुर एफएममा शाही घोषणा सकिनु अघि नै झण्डै एकदर्जन सैनिक समाचार शाखामा पुगेका थिए। कमाण्ड समालेर बसेका सेनानीले १२ बजेको समाचार बुलेटिन त्यसअघिका बुलेटिनको ढाँचा अनुसार गर्न नमिल्ने बताएका थिए।[१७]

ललितपुर बोडेगाउँको पर्याबरणचक्र एफएमबाहेक ढिलो वा चाँडो सबै रेडियो स्टेशनमा माघ १९ गते नै सेना पुगेका थिए। पर्याबरण चक्रलाई भने गीतबाहेक अन्य केही पनि नबजाउन सेनाले फोनबाट आदेश दिएको थियो। एचबिसी एफएम, इमेज एफएम र नेपाल एफएमले भने १२ बजेको समाचारबाट मुलुकमा संकटकाल लागेको जानकारी दिन भ्याएका थिए।[१८]

समाचार तथा समाचारमूलक कार्यक्रम उत्पादन गरी भी स्याट (V-SAT ) प्रणालीबाट काठमाण्डौभित्र र बाहिर समाचार वितरण गर्दै आएको कम्यूनिकेशन कर्नरमा

---

१५ प्रेस स्वतन्त्रता संकटमा एक बर्ष, नेपाल पत्रकार महासंघ
१६ प्रेस स्वतन्त्रता संकटमा एक बर्ष, नेपाल पत्रकार महासंघ
१७ प्रेस स्वतन्त्रता संकटमा एक बर्ष, नेपाल पत्रकार महासंघ
१८ शाही शासनकालमा नेपाली सञ्चारमाध्यम, नेपाल पत्रकार महासंघ

भने दिउँसो ३ बजेको नेपाल खबर  हुँदै गर्दा सेना पुगेको थियो। त्यहाँ कार्यरत समाचार टिमलाई थप समाचार प्रशारण नगर्न आदेश दिएर सैनिक टुकडी त्यहाँबाट फर्किएको थियो। त्यसपछि कुनै औपचारिक पत्र वा सूचना पनि नआएकोले साँझ ८ बजेको समाचारमूलक कार्यक्रम नेपाल दर्पण पनि  गरेका भएको थियो।[१९]

कान्तिपुर एफएमले माघ २० गते बिहान अघिल्लो दिनकै समाचारलाई पुनः  गरेर भएपनि समाचारको फरम्याट जोगाउने कोशिस गर्‍यो भने त्यसै दिन दिउँसो १२ बजेको बुलेटिनमा नवगठित मन्त्रीहरूको सपथ ग्रहण सम्बन्धी समाचारमात्र  गर्‍यो। तर यसरी प्रसारित सबै बुलेटिनका सामग्री त्यहाँ तैनाथ सेनानीलाई आधा घण्टा अगाडि नै जचाएर गरेको थियो।  त्यसको भोलिपल्ट अर्थात् २० गते ३ बजे अर्का सेनानी कान्तिपुर एफएम गई प्रशारण हुन लागेको समाचार बुलेटिन रोकेपछि कान्तिपुर एफएमका समाचार र समाचारमूलक कार्यक्रम बन्द भए।

नेपाल एफएम र पर्याबरण चक्र एफएमले २० गते दिउँसोसम्म समाचार बुलेटिन बजाएका थिए। बिबिसी नेपाली सेवा र विश्वसेवाका केही कार्यक्रमहरूको रेडियो सगरमाथाबाट नियमित रुपमा भइरहेको पुनः  पनि बन्द गराइएको थियो। कम्यूनिकेशन कर्नरले भीस्याटमार्फत नेपाल एफएमबाट समाचार प्रशारण गर्दै आएको थियो। तर त्यसदिन ठीक १२ बजे मर्कन्टाइल कम्यूनिकेशनमा भएको भीस्याट प्रणाली काटेकोले २० गते १२ बजेको नेपाल खबर ललितपुरको कुपन्डोलमा रहेको कम्यूनिकेशन कर्नरमा तयार पारी मोटरसाइकलमा गएर रविभवनस्थित नेपाल एफएमको स्टुडियोबाट १२ बजेर २० मिनेटपछि  गरिएको थियो।

काठमाण्डौका रेडियो स्टेशनमा तैनाथ सैनिकहरू माघ २३ गते दिउँसो एफएम स्टेशनको कन्ट्रोल रुम र छतबाट हटेका थिए। तर समाचारकक्ष तथा रेडियो परिसरमा भने सैनिकहरू तैनाथ थिए।[२०]

---

१९ शाही शासनकालमा स्वतन्त्र रेडियोः दमन र प्रतिरोधको कथा, ढुङ्गेल, बिनोद
२० पत्रकारिता, नेपाल पत्रकार महासंघ, २०६१

काठमाण्डौ बाहिर रहेका एफएमहरूको अबस्था अझ नाजुक भयो। रुपन्देहीका बुटवल एफएम, रुपन्देही एफएम, तिनाउ एफएम र रेडियो लुम्बिनीमा शाही घोषणा हुँदै गर्दा प्रवेश गरेका सेनाले गीतबाहेक कुनै कार्यक्रम प्रशारण नगर्न आदेश दिए। चितवनका दुई कालिका एफएम र सिनर्जी एफएम तथा नवलपरासीको विजय एफएममा सेना पसेर स्टेशन बन्द गर्न निर्देशन दिएपछि शाही घोषणा समेत पुरै प्रशारण हुन पाएन।[२१] पाल्पाको रेडियो मदनपोखरामा शाही घोषणा सकिएपछि १२ बजेतिर सेना पसेर गीतबाहेक कुनै कार्यक्रम नगर्न चेतावनी दियो। पाल्पाकै पश्चिमाञ्चल एफएम, मुक्तिनाथ रेडियो र श्रीनगर एफएममा त्यसैदिन ११ बजे सेनाले कार्यक्रम रोक्न आदेश दिएको थियो।[२२]

त्यस्तै, पोखराका अन्नपूर्ण एफएम, पोखरा एफएम, हिमचुली एफएम र माछापुच्छे एफएममा शाही घोषणा सकिने बित्तिकै सेना प्रवेश गरी कार्यालयका सबै कर्मचारीलाई बाहिर निकालेर एफएम स्टेशनमा ताल्चा मार्‍यो। पर्साको बिरगञ्ज एफएम तथा मोरङको सप्तकोशी र कोशी एफएममा मध्याह्न १२ बजे सुरक्षाकर्मी पसेर कुनै कार्यक्रम नगर्न आदेश दिए र साँझ ४ बजे गीतमात्र बजाउन निर्देशन भयो। इटहरीको सप्तकोशी एफएममा त १० बजे नै सेना पुगेका थिए।

नेपालगञ्जको बागेश्वरी एफएममा दिउँसो सेना पसेर कुनै पनि कार्यक्रम नचलाउन आदेश दियो। बाँकेकै भेरी आवाज त्यही दिन ११ बजेदेखि नै गीतमात्र बजाउन बाध्य भयो। जुम्लाको कर्णाली एफएम र सुर्खेतको रेडियो भेरी एफएमका साथै मकवानपुरको मनकामना र रेडियो पालुङ्गमा शाही घोषणा सकिने बित्तिकै प्रवेश गरेको सेनाले सबै कार्यक्रम बन्द गर्न निर्देशन दिएको थियो। बझाङको साइपाल एफएम र कैलालीको घोडाघोडी एफएमलाई पनि सेनाले गीतबाहेक कुनै कार्यक्रम नबजाउन निर्देशन दियो।[२३]

झापाको बिर्तामोडमा रहेको कञ्चनजंघा एफएमलाई माघ १९ गते बिहान पौने १० बजेतिरै ९ जना सैनिक पुगेर नियन्त्रणमा लिए। धनकुटाको भेडेटारमा रहेको रिले स्टेशन मध्ये इमेज एफएमको स्टेशन एक हप्तासम्म बन्द भयो भने कान्तिपुर एफएमको चालु

२१ संकटकालमा समाचार, पौड्याल, बद्री र रघु मैनाली
२२ शाही शासनकालमा नेपाली सञ्चारमाध्यम, नेपाल पत्रकार महासंघ, २०६१
२३ पत्रकारिता बुलेटिन, नेपाल पत्रकार महासंघ, २०६३

रह्यो। सोलुखुम्बुको सोलु एफएमलाई माघ १९ गते पौने १० नै सल्लेरीका सैनिक गुल्मपतिले समाचार रोक्न आदेश दिए र त्यसको लगत्तै सम्पूर्ण बन्द गर्न थप आदेश दिए।

दाङको रेडियो स्वर्गद्वारीमा भने १९ गते बिहान साढे ८ बजेतिरै सैनिक प्रवेश गरी गीतबाहेकका सबै कार्यक्रम बन्द गर्न आदेश दिएका थिए। धौलागिरी एफएम बाग्लुङ्गमा पनि गीत बाहेक केही नबजाउन सेनाले निर्देशन दिएको थियो।

वि.सं २०६२ फागुन २३ गते राति कास्की जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक रबिराज श्रेष्ठको आदेशमा पोखरास्थित अन्नपूर्ण एफएम बन्द भयो। लोडसेडिङ भएको बेला प्रहरी पठाएर एफएममा जडान भएको जेनेरेटरको लाइन जबरजस्ती काटन लगाइ रेडियो बन्द गराइएको थियो।[२४]

## १.५ आदेश र निर्देशन

माघ १९ को शाही शासनपछि तत्कालिन सरकारले स्वतन्त्र रेडियोबाट समाचार तथा सूचनामूलक कार्यक्रम बन्द गर्न बिभिन्न आदेश, सूचना र निर्देशन जारी गर्‍यो।

वि.स.२०६१ माघ २० गते सूचना तथा सञ्चार मन्त्रालयले राष्ट्रिय प्रशारण ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी जारी गरेको सूचना नै स्वतन्त्र एफएमहरूमाथिको पहिलो नियन्त्रात्मक आदेश थियो।[२५] यद्यपि यो सूचना आँउदासम्म कतिपय रेडियो बन्द नै गराइसकिएको थियो। शाही घोषणाको भावना र मर्म विपरित एंव आतंकारी तथा बिध्वंसात्मक गतिबिधि र आतंकबादलाई प्रत्यक्ष वा परोक्ष रुपमा प्रोत्साहन वा सघाउ पुग्नजाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्यसामग्री, अभिमत वा व्यक्तिगत विचार समेत प्रशारण नगर्न भन्दै त्यो सूचना प्रकाशन भएको मितिले ६ महिनासम्मका लागि निषेध गरिएको थियो।

२४ कान्तिपुर दैनिक, फागुन २४

२५ राष्ट्रिय प्रशारण ऐनको दफा ७ प्रशारणमा रोक लगाउन सकिने राष्ट्र  र राष्ट्रिय हितलाई ध्यानमा राखि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा ६ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रशारण संस्थाबाट प्रशारण गर्न नपाइने गरी रोक लगाृन सक्नेछ।

सूचना तथा सञ्चार मन्त्रालयले माघ २१ गते राष्ट्रिय प्रशारण नियमावली २०५२ नियम ८ को खण्ड च बमोजिम निर्देशन जारी गर्‍यो । उक्त खण्डमा भनिएको छ : 'युद्ध वा संकटकालीन समयमा मन्त्रालयले कुनै खास कार्यक्रमहरू मात्र  गर्ने गरी निर्देशन दिएमा सोही कार्यक्रमहरू मात्र  गर्नुपर्नेछ ।'

यो आदेशले गर्दा संकटकाल सकिएको तीनमहिना पछिसम्म पनि एफएमहरूले समाचार र समाचारमूलक कार्यक्रमहरू  गर्न सकेनन् ।

> *"फागुन १ गते सरकारले अर्को सार्बजनिक सूचना गारी गर्‍यो । उक्त सूचनामा भनिएको थियो : छापाखाना र प्रकाशनसम्बन्धी ऐन, २०४८ को दफा १५ को उपदफा १ र राष्ट्रिय  ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयको नामबाट नेपाल राजपत्र भाग ३ खण्ड ५४ अतिरिक्ताङ्क ४८ मिति २०६१ माघ २० को सूचनामा आतंककारी तथा बिध्वसांत्मक गतिबिधि र वा आतंकबादलाई प्रत्यक्ष वा परोक्ष रुपमा दुरुत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, पाठ्यासामग्री, अभिमत वा व्यक्तिगत विचार समेत प्रकाशन एंव  गर्न निषेध गरिएकोमा कुनै प्रकाशन वा  संस्थाले सुरक्षानिकायबाट स्रोत सहितको जानकारी प्राप्त गरेको अबस्थामा बाहेक उपरोक्त बमोजिमका कुराहरू प्रकाशित वा प्रशारित गरेमा छापाखाना र प्रकाशन सम्बन्धि ऐन, २०४८ को दफा २७ र २८ को हकमा स्थानीय अधिकारीले र राष्ट्रिय प्रशारण ऐन, २०४९ को दफा १७ बमोजिम श्री ५ को सरकारले सजाय गर्ने व्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।"*[२६]

यो सूचनाले कुनै नयाँ बन्देज खडा गरेको वा नयाँ आदेश जारी गरेको थिएन । माघ २० गतेको सूचनालाई सम्झाउने र स्वतन्त्रताको पक्षधर सञ्चारजगतलाई तर्साउने काम मात्र गरेको थियो ।[२७]

---

२६ गोरखापत्र, २०६१, फागुन १९
२७ शाही शासनमा स्वतन्त्र रेडियो, ढुङ्गेल, विनोद, पृष्ठ ३५

वि.सं २०६१ फागुन २६ गते सरकारले अर्को आदेश जारी गऱ्यो। सूचना तथा सञ्चार मन्त्रालय, श्रब्य, दृश्य तथा प्रशारण शाखाका तर्फबाट राष्ट्रिय नियमावली २०५२ को नियम ८ को खण्ड च बमोजिम जारी गरेको पत्रमा भनिएको थियो :

> *"उर्पयुक्त बिषयमा संकटकाल लागू रहेको अवस्थामा तहाँ रेडियो स्टेशनले बिसुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै कार्यक्रम प्रशारण नगर्न मिति २०६१-१०-२० मा नेपाल राजपत्रमा सूचना प्रकाशन भएको व्यहोरा तहाँ अवगतै छ ।*
>
> *उर्पयुक्त सूचनाको पूर्ण पालना हुन पुनः अवगत गराउँदछु । कसैले निर्देशन विपरित कुनै पनि कार्यक्रम गरेको पाइएमा राष्ट्रिय प्रशारण ऐन, २०४९ को दफा १७ बमोजिम कारबाही गरिने व्यहोरा आदेश अनुसार जानकारी गराउँदछु ।"*[२८]

त्यसैगरी, २०६१ फागुन २७ गते सूचना तथा सञ्चार मन्त्रालयले देशभरका रेडियो एफएम स्टेशनहरूलाई अर्को आदेश जारी गऱ्यो। यो आदेश भने रेडियोबाटै गर्न लगाइएको थियो ।[२९]

रेडियो तथा एफएम स्टेशनहरूबाट सन्देशहरू राष्ट्रिय प्रशारण नियमावलीको नियम ८ को खण्ड (ग) १९ अनुसार गराउने भनेर दिइएको मन्त्रालयको आदेशमा निम्न व्यहोरा लेखिएको थियो :

२८ सूचना तथा सञ्चार मन्त्रालयको रेकर्ड
२९ शाही शासनमा स्वतन्त्र रेडियो :दमन र प्रतिरोधको कथा, ढुङ्गेल, बिनोद

*"उर्पयुक्त बिषयमा हालको परिस्थितिलाई मध्यनजर राखी बिभिन्न समूहहरूलाई लक्षित गरी उर्पयुक्त सन्देशहरू समायोजन गरी एफएम रेडियो स्टेशनहरूबाट गर्न समसामयिक रेडियो सन्देशहरू तयार पारिएको सी डी थान १ यसैसाथ संलग्न गरी पठाइएको छ। उल्लेख भए वमोजिम त्यहाँबाट गरी प्रचार प्रसार गर्न व्यबस्था हुन निणर्यअनुसार अनुरोध गर्दछु।"*

उक्त सिडी रक्षा मन्त्रालय, बलाधिकृत विभाग, युद्धकार्य महाशाखा, शाही नेपाली जंगी अड्डालाई बोधार्थ दिएर रेडियो स्टेशनहरूमा पठाइएको थियो। उक्त सीडीमा चारवटा सन्देशहरू रेकर्ड गरिएका थिए। सन्देशदाता नखुलाइएका उक्त सन्देहरू प्रशारण गर्न गाह्रो थियो। यसले एफएमहरूलाई अप्ठ्यारो पारेको थियो।

वि.सं २०६२ माघ २६ गते एकतर्फी रुपमा गरिन लागेको नगरपालिकाको चुनावमा भाग लिन आह्वान गरिएका सामग्री गरिदिने पत्र पनि सरकारले रेडियोहरूलाई पठायो। वि.सं २०६२ चैत १७ गते गृह मन्त्रालयको शान्ति सुरक्षा शाखामार्फत बिभिन्न रेडियोलाई 'सूचना' शिर्षक राखेर एउटा विज्ञापन सामग्री पठाइयो। उक्त विज्ञापनमा मन्त्रालयले भनेको थियो :

*"कानूनद्वारा निषेध गरिएको बिध्वंसात्मक एंव आतंककारी क्रियाकलापलाई नियन्त्रण गर्न श्री ५ को सरकारले प्रभावकारी एंव कडा सुरक्षा व्यबस्था मिलाएको छ र आतंककारीका गतिबिधि नियन्त्रण गर्न सुरक्षाकर्मीहरूले आवश्यक कारबाही गर्ने हुँदा आतंककारीले आयोजना गरेका वा आतंककारीहरू संलग्न हुने सम्भावना रहेका कुनै पनि गतिबिधिबाट अलग रहन श्री ५ को सरकार सर्बसाधारण जनतामा अनुरोध गर्दछ।"*

यस्ता सूचनाहरू प्रशारण गर्न लगाएर राज्यले स्वतन्त्र रेडियोलाई आफ्नो स्वार्थपूर्तिको लागि दुरुपयोग गर्न खोजेको थियो। तीनलाई सशस्त्र बिद्रोहीले समेत निशान बनाउने र जवरजस्ती द्वन्द्वमा धकेल्ने सरकारको मनसाय देखिन्थ्यो।[३०]

त्यस्तै, वि.सं २०६२ असार १ गतेको गोरखापत्र दैनिकमा सूचना तथा सञ्चार मन्त्रालयको तर्फबाट फ्रिक्वेन्सी मोडुलेशन प्रशारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रशारण गर्ने इजाजत प्राप्त सबै संस्था तथा व्यक्तिहरूलाई एउटा सूचना प्रकाशित गरियो। राष्ट्रिय नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (झ) अन्तर्गत प्रशारण गर्न नपाउने गरी सर्त तोकिएकोबारे प्रकाशित उक्त सूचनाको व्यहोरा निम्न अनुसार थियो :

*“राष्ट्रिय प्रशारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) र नियम ९ को खण्ड (झ) ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले एफएम प्रशारण संस्था वा व्यक्तिले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम वा सामाग्रीबाहेक अन्य समाचारमूलक कार्यक्रम वा सामग्री प्रशारण गर्न रोक लगाउने गरी सर्त तोकिएको छ। कसैले यसरी रोक लगाउने गरी तोकिएको सर्त विपरित प्रशारण गरे गराइएको पाइएमा राष्ट्रिय प्रशारण ऐन, २०४९ को दफा ८ बमोजिम इजाजत रद्ध तथा दफा १७ वमोजिम सजायसमेत हुने व्यहोरा पनि जानकारी गराइन्छ।”*

यो सूचना प्रकाशित भएकै दिन सूचना तथा सञ्चार मन्त्रालयले एक बिज्ञप्तीमार्फत प्रचलित कानूनको परिधिभित्र रही व्यबसाय सञ्चालन गर्न एफएम प्रशारण संस्थाहरूलाई आह्वान पनि गऱ्यो।

तत्कालिन शाही सरकारले समूहगत रुपमा स्वतन्त्र रेडियोहरूलाई आदेश दिनको सट्टा सञ्चार संस्था बिशेषलाई पत्र पठाउन थाल्यो। वि.सं २०६२ जेठ १३ गते सूचना तथा सञ्चार मन्त्रालयले एक ‘गोप्य’ पत्र पठाएर प्रशारण बन्द गर्न आदेश दियो। उक्त पत्रमा निम्न आदेश दिइएको थियो :

---

३० शाही शासनमा स्वतन्त्र रेडियोः दमन र प्रतिरोधको कथा, ढुङ्गेल, विनोद

*"त्यस कर्नरको सञ्चालन अबैधानिक तरिकाबाट गरेको भनि लेखि आएको हुँदा बन्द गर्नुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।"*

उक्त पत्रको बोधार्थ तथा कार्यार्थ रक्षा मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई समेत दिईएको थियो ।[३१]

त्यस्तै, सूचना तथा सञ्चार मन्त्रालयले २०६२ साउन १९ गते 'सफाइ पेश गर्नेबारे' रेन्वो एफएम प्रा.लि. लाई 'अति जरुरी गोप्य पत्र' पठायो । उक्त पत्रमा भनिएको थियो :

*"त्यस एफएम प्रा. लि (इजाजत पत्र नं एफएम १०५-०६-६१ ले नेपाल एफएम ९१.८ कलसाइन प्रयोग गरी प्रशारण गर्न) ले सूचना तथा सञ्चार मन्त्रालयको राष्ट्रिय प्रशारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ज) र नियम ९ को खण्ड (झ) अनुरुप वि.सं २०६२-२-३१ मा तोकिएको सर्तविपरित वि.सं २०६२-३-२३, २०६२-३-२६ र वि.सं २०६२-४-१७ गतेमा समेत राजधानी खबर नाम दिई समाचार प्रशारण गरेको हुँदा मनोरञ्जनात्मक कार्यक्रममात्र प्रशारण गर्ने कर्तव्य एंव कानूनी दायित्व भएकोमा आफूले पालना गर्नुपर्ने सर्तविपरित समाचार प्रशारण गरेको देखिएकोले तहाँलाई जारी गरिएको उक्त इजाजतपत्र राष्ट्रिय प्रशारण ऐन २०४९ को दफा ८ को उपदफा २ बमोजिम ७ दिनभित्र यस मन्त्रालयमा सफाइ पेश गर्नुहुन मिति २०६२-४-१९ को निणर्य अनुसार अनुरोध गर्दछु ।"*

संकटकाल फिर्ता भएको चार दिनपछि २०६२ बैशाख २१ गते काठमाण्डौ जिल्ला प्रशासन कार्यालयले काठमाण्डौ उपत्यकाका एफएम रेडियोहरूलाई एउटा निर्देशन जारी गऱ्यो । जिल्ला प्रहरी कार्यालयलाई समेत कार्यार्थ दिइएको सो पत्रको व्यहोरा यस्तो थियो :

३१ सूचना तथा सञ्चार मन्बालयबाट प्राप्त पत्रहरु

*"श्री ५ महाराजधिराजका संवाद सचिवालयको वि.सं २०६१-१०-१९ को विज्ञप्तीद्वारा लागू भएको संकटकाल रेडियो स्टेशनहरूको बिशुद्ध मनोरञ्जनात्मक कार्यक्रमबाहेक अन्य कुनै प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कार्यक्रम प्रशारण नगर्न वि.सं २०६१-१०-२० मा सबै एफएमलाई निर्देशन जारी गरिएकोमा उक्त निर्देशनको पूर्ण पालना गराउनु हुन भनी क्षेत्रिय प्रशासन कार्यालय, मध्यमाञ्चल विकास क्षेत्र, हेटौंडाको च.नं २१०७ को वि.सं २०६२-१-१९ को पत्रबाट लेखि आएकोले उपरोक्त अनुसार गर्नुहुन आदेशानुसार अनुरोध छ।"*

वि.सं २०६२ कात्तिक २ गते सूचना तथा सञ्चार मन्त्रालयले एक पत्र पठाउँदै कानूनको बर्खिलाप गरी कार्यक्रम प्रशारण गरे गराएमा राष्ट्रिय प्रशारण ऐन, २०४९ तथा राष्ट्रिय प्रशारण ऐन नियमावली २०५२ बमोजिम कारबाही हुने जानकारी दियो। बि.सं २०६२ कात्तिक ४ गते पाँच जनाको समूहमा प्रहरी टोली समेत लिएर सूचना तथा सञ्चार मन्त्रालयका अधिकारीहरूले ललितपुरको पुल्चोकस्थित कान्तिपुर एफएमको अपलिङ्क उपकरण जफत गरे।[३२]

कात्तिक ६ गते सरकारले काठमाण्डौ उपत्यकामा रहेका एफएम प्रतिनिधिहरूको एक बैठक बोलाई समाचारमूलक कार्यक्रम प्रशारण नगर्न र सूचनामूलक कार्यक्रम प्रशारण गर्न निर्देशन दियो।

कात्तिक ९ गते सञ्चार अध्यादेशको हवला दिदै कान्तिपुर एफएमलाई अर्को पत्र पठायो। उक्त पत्रमा समाचार प्रशारण गरिराखेमा उक्त एमएमको लाइसेन्स रद्ध गर्ने धम्कीसहित प्रष्टिकरण मागिएको थियो।

३२ कान्तिपुर दैनिक, २०६२ कात्तिक ५

वि.सं २०६२ कात्तिक २० गते काठमाण्डौ उपत्यकाका रेडियो स्टेशनहरूलाई प्रष्टिकरणका लागि मौखिक आदेश दियो। समाचारमूलक कार्यक्रम प्रशारण भए नभएको लिखित जानकारी सहित केही घण्टाभित्र उपस्थित हुन मन्त्रालयले त्यस दिन मौखिक आदेश दिएको थियो।

तत्कालिन सरकारले २०६२ मंसीर १२ गते रेडियो सगरमाथालाई दुई पत्र पठाई उसका प्रशारण उपकरण जफत गऱ्यो। ती पत्रमा भनिएको थियो :

> *"तहाँ प्रशारण सस्थाले राष्ट्रिय प्रशारण ऐन २०४९ दफा (घ) तथा आतंकबादलाई प्रोत्साहन पुग्ने कार्यक्रम प्रशारण गरेको पाइएको हुँदा प्रशारण कार्य अर्को आदेश नभएसम्म रोक्का गर्न राष्ट्रिय प्रशारण नियमावली २०५२ को नियम ८ को खण्ड (ञ) एंव नियम ९(झ) बमोजिम प्रशारण कार्य रोक्का गर्न यो निर्देशन दिइएको छ।"*

## १.६ शाही आदेश, सूचना, निर्देशन र प्रभावित कार्यक्रमहरू

शाही सरकारको आदेश र सूचनाका कारण एफएमका सूचनामूलक र समाचारमूलक कार्यक्रमहरू प्रभावित भए।

माघ १९ गते संकटकाल घोषणा भयो। तत्कालिन संविधानले प्रत्याभूत गरेको मौलिक हकहरू प्रतिबन्धित भए। जसका कारण एफएमहरू यी मौलिक हकहरूबाट वञ्चित गरियो। संकटकालको समाप्तिपछि पनि एकपछि अर्को सूचना र आदेशद्वारा एफएम रेडियोहरूबाट समाचार तथा सूचनामूलक कार्यक्रम प्रशारण गर्न दिइएन। शाही शासनकालमा रोक लगाइएका कार्यक्रहरूलाई यसप्रकार विभाजन गर्न सकिन्छ।[३३]

---

३३ संकटकालमा समाचार, पौडेल, बद्री , मैनाली, रघु

**क) समाचार र समाचारमूलक कार्यक्रम :**

शाही घोषणा सँगसँगै एफएमबाट प्रशारण हुने सबै कार्यक्रमहरु बन्द गराइएको थियो । त्यस्तै समसामयिक घटनामा आधारित समाचार, बिश्लेषण, छलफल, अन्तर्वार्ता, रेडियो म्यागेजिन जस्ता समाचारमूलक कार्यक्रमहरूको प्रशारण पनि बन्द गराइएको थियो ।

**ख) विविसी नेपाली सेवा :**

रेडियो सगरमाथा, रेडियो लुम्विन, रेडियो भेरी, हिमचुली एफएम, अन्नपूर्ण एफएम, मनकामना एफएम र बुटवल एफएमबाट प्रसारित विविसि नेपाली सेवाको दैनिक आधा घण्टाको कार्यक्रम पनि बन्द गराइएको थियो ।

**ग) बाल कार्यक्रम :**

देशभरका एफएमबाट बालकार्यक्रम प्रशारणमा पनि बन्देज लगाइएको यियो ।

**घ) महिला कार्यक्रम :**

महिला सशक्तिकरण, लैङ्गिक समता, महिला अधिकार, महिला गतिबिधि, गृहिणी, परिकार, सिलाईबुनाई तथा महिला सहकारी लगायतका बिषयबस्तु समेटेर तयार पारिएका महिला सम्बन्धि कार्यक्रमहरू पनि बन्द गराइएको थियो ।

**ङ) कृषि कार्यक्रम :**

पशुपालन, तरकारी खेती, मलखाद, वीउविजन र कृषि उपजबारेमा जानकारी दिने छलफल रिपोर्ट लगायतका कार्यक्रमहरूमा रोक लगाइएको थियो ।

**च) वातावरण कार्यक्रम :**

सहस्राब्दी विकास लक्ष्य, गरिबी, दिगो विकास र वातावरणका लागि सञ्चालित रेडियो म्यागेजिन अन्तर्वार्ताका कार्यक्रमहरूमा रोक लगाइएको थियो ।

**छ) भ्रष्टाचार बिरोधी कार्यक्रम** :

पारदर्शिता, सुशासन, विकेन्द्रीकरण तथा भ्रष्टाचार बिरोधी कार्यक्रमहरू प्रशारण गर्न दिइएन ।

**ज) विकास निमार्ण** :

सडक, कुलो, पैनी, स्कुलभवन निमार्णजस्ता स्थानीय विकास निमार्ण सम्बन्धि र विकास सम्बन्धी सामग्रीहरू समेटेर तयार पारिएका कार्यक्रमहरूको प्रशारणमा रोक लगाइएको थियो ।

**झ) शिक्षा सम्बन्धि कार्यक्रम** :

शिक्षा सम्बन्धी जानकारी दिने कार्यक्रमहरू समेत  गर्न दिइएको थिएन ।

**ञ) अन्य कार्यक्रम** :

विज्ञान प्रबिधि, संस्कृति, स्थानीय समस्या लगायतका कार्यक्रम पनि प्रशारणमा रोक लगाइएको थियो ।

यसप्रकार एफएमहरूले सूचना तथा समाचारमूलक कार्यक्रहरू प्रशारणबाट बञ्चित गराइएको थियो । रेडियोहरुले 'शुद्ध मनोरञ्जनात्मक' कार्यक्रमहरू मात्र प्रशारण गर्नु पर्ने बाध्यता थियो ।

## १.७ सरकारी आदेश/सूचना र निर्देशनपछि बिस्थापित एफएम पत्रकार

समाचार र सूचनामूलक सामाग्रीको प्रशारणमा लगाएको बन्देजले गर्दा ती सामग्री उत्पादनमा संलग्न पत्रकारहरूको रोजीरोटी संकटमा पऱ्यो । शाही सत्ताले लगाएको आर्थिक नाकाबन्दीले गर्दा एफएम पत्रकारहरूलाई पेशामा रहिरहन अझ गाह्रे भयो । समाचार  गर्ने एफएममा ५ जनादेखि १६ जनासम्मले काम गर्दै आएको समाचार विभाग थिए । र तीनमा १० जनासम्म पत्रकार कार्यरत थिए । यसप्रकार देशभर सञ्चालनमा रहेका ५६ एफएम स्टेशनका समाचारशाखामा कार्यरत ५ सय र बाहिरी जिल्लाबाट समाचार सम्प्रषण गर्ने ५

सय गरी करिब एकहजार पत्रकारको पेशा संकटमा पर्‍यो । यी मध्ये केही एफएम र समाचार  गर्ने सञ्चार गृहबाट विस्तापित पत्रकारहरुको अबस्था यस्तो रहेको छ ।

| संस्थाको नाम | संचारकर्मीको संख्या | कार्यक्रम बन्द भएपछिको संचारकर्मीको अबस्था |
|---|---|---|
| रेडियो सगरमाथा | ३२ जना | सबै कार्यरत |
| एचबीसी एफएम | काडमाण्डौमा ९ र बाहिर ३० | सबै बेरोजगार |
| कान्तिपुर एफएम | २२ जना | बेरोजगार |
| मेट्रो एफएम | २९ जना | समायोजनको प्रयास |
| रेडियो मदनपोखरा | ६ जना | बेरोजगारको सम्भावना |
| मनकामना एफएम | १७ जना | बेरोजगारको सम्भावना |
| तिनाउ एफएम | २७ जना | बेरोजगार |
| सिनर्जी एफएम | ३७ जना | ३२ बरोजगार, ५ अर्ध बेरोजगार |
| लुम्बिनी एफएम | ५० जना | अन्यौल |
| सप्तकोशी एफएम | २५ जना | सबै बेरोजगार |
| कालिका एफएम | स्टेशनमा १०, जिल्लामा २० | सबै बेरोजगार |
| पोखरा एफएम | १५ जना | अन्यौल |
| कञ्चनजंघा एफएम | ५० जना | सबै निराश |
| कोशी एफएम | २४ भन्दा बढी | सबै बेरोजगार |
| बुटवल एफएम | २२ जना | १५ पत्रकार बेरोजगार, ७ अर्ध बेरोजगार(कार्यक्रम उत्पादनतर्फ) |
| स्वर्गद्वारी एफएम | ७ जना | बेरोजगारीको सम्भावना |
| कम्यूनिकेशन कर्नर | काठमाण्डौ १६ जना र बाहिर ५० भन्दा बढी | ८ बाहेक बरोजगार |

## १.८ समस्या कथन (Statement of Problem)

शाही साशनकालमा सञ्चारमाध्यम र पत्रकारहरू निकै अप्ठ्यारोमा परे। एफएमहरूमा समाचार प्रशारणमा लगाइएको बन्देजका कारण तीनमा कार्यरत पत्रकारको अबस्था अझ अप्ठ्यारोमा थियो।

शाही शासनकालमा सञ्चारमाध्यमको अबस्थाबारेमा प्रशस्त अध्ययन भएका छन्। तर त्यस समयमा एफएम रेडियोहरूमा कार्यरत पत्रकारको अबस्था कस्तो रह्यो भनेर कुनै अध्ययन भएको पाइदैन। समाचार प्रशारणमाथिको बन्देज गर्न दिइएका आदेश, सूचना र निर्देशनले पत्रकारहरुमा कस्तो असर पऱ्यो ? उनीहरूको आय कसरी घट्यो ? कतिले पेशा छोड्ने सोच बनाए ? कतिले अन्य कार्य गरे ? त्यसबारेमा अहिलेसम्म कुनै अध्ययन भएको पाइदैन। तसर्थ यो सोधपत्रले एफएम पत्रकारहरूसँग सम्बन्धित यी र अन्य पक्षहरूको जवाफ खोज्ने प्रयास गरेको छ।

तसर्थ यो सोधपत्रले शाही शासनकालमा एफएमहरूमाथि जारी सूचना, आदेश र निर्देशनहरूले एफएममा कार्यरत पत्रकारहरूलाइ के कस्तो असर परेको थियो भन्ने प्रश्नको जवाफ खोज्नेछ।

## १.९ अध्ययनको उद्देश्य (Objective of Study )

यो अध्ययनको उद्देश्य शाही शासनकालमा एफएम रेडियोहरूलाई जारी गरिएका आदेश/सूचना र निर्देशनको एफएम रेडियोमा कार्यरत पत्रकारहरूलाई पारेको असर बारेमा अध्ययन गर्नु हो। त्यस्तै यो अध्ययनको अन्य उद्देश्यहरू यसप्रकार रहेका छन्।

- वि.सं २०६१ माघ १९ पछि एफएममा कार्यरत पत्रकारहरूको अवस्थाको बारेमा बिश्लेषण गर्नु।
- राजाको प्रत्यक्ष शासनकालमा एफएम सम्बन्धि जारी गरिएका आदेश, सूचना र निर्देशनको बारेमा अध्ययन गर्नु।

## १.१० अध्ययनको महत्व

प्रस्तावित यो शोधपत्रले शाही शासनकालमा एफएमहरूलाई जारी गरिएका आदेश, सूचना र निर्देशनले पत्रकारमा परेको असरका बिबिध पक्षबारेमा अध्ययन गरेको छ। यसले एफएम पत्रकारहरूलाई परेको असरसँग सम्बन्धित बिभिन्न तथ्याङ्क उपलब्ध गराउने प्रयास गरेको छ ।

यो अध्ययनको सैद्धान्तिक र व्यबहारिक दुबै महत्व छ। सैद्धान्तिक रुपमा यो अध्ययन शाही शासनमा एफएमहरूलाई जारी गरिएका आदेश, सूचना र निर्देशनको बारेमा तयार गरिएको शोधपत्र हो । यसबाहेक, त्यसबेलाका एफएम पत्रकारहरूको अवस्थाको बारेमा गहिरिएर अध्ययन गरेको छ। यस अर्थमा यसप्रकारको अध्ययन आफैंमा पहिलो प्रयास हो। व्यवहारिक रुपमा यो अध्ययनबाट प्राप्त तथ्थहरूले एफएम रेडियोहरूको पेशागत सुरक्षाका बारेमा नीति निमार्ण गर्न सहयोग पुग्नेछ। साथै, नीति निमार्ण र सञ्चार बिशेषज्ञहरूलाई एफएम पत्रकारहरूकोबारेमा अन्य नीतिहरू बनाउन पनि सहयोग पुग्नेछ।

## १.११ अध्ययनको संगठन

यो शोधपत्रलाई छ अध्यायमा विभाजन गरिएको छ। पहिलो अध्याय अध्ययनको पृष्ठभूमिसँग सम्बन्धित छ। यो अध्यायमा समस्या कथन, अध्ययनको उद्देश्य, महत्व र अध्ययनको संगठनको बारेमा उल्लेख गरिएको छ।

दोस्रो अध्याय सन्दर्भ सामग्रीको पुनरावलोकन (Literature Review) सँग सम्बन्धित छ। त्यस्तै, यो शोधपत्र तयार पार्न प्रयोग गरिएको अनुसन्धान बिधि (Research Methodology) तेस्रो अध्यायमा उल्लेख गरिएको छ। यसबाहेक यो अध्यायमा Research Design, Sampling Technique, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क संकलनको बिधिहरू, तथ्याङ्कको Reliability र Validity, तथ्याङ्क प्रशोधन र बिश्लेषणको तरिका र अध्ययनको सीमाहरूकोबारेमा पनि तेस्रो अध्यायमा बर्णन गरिएको छ।

जवाफकर्ताको उमेर, लिङ्ग, जातियता, धर्म र शिक्षाकोबारेमा चौथो अध्यायमा चर्चा गरिएको छ। पाँचौ अध्यायमा शाही शासनकालमा जारी गरिएका आदेश, सूचना र निर्देशनले पत्रकारहरूमा परेको असरकाबारेमा चर्चा गरिएको छ। त्यस्तै छैठौं अध्यायमा सारांश, निष्कर्ष र सुझाबको बारेमा चर्चा गरिएको छ। यो अध्ययनको अन्त्यमा अनुसूचि र सन्दर्भ सामग्रीहरू दिइएको छ।

# अध्याय दुई

## २ सन्दर्भ सामग्रीको पुनरावलोकन (Lirerature Review)

२०६१ माघ १९ गते राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन शुरु भयो। शाही घोषणाबाट शुरु भएको प्रत्यक्ष शासनको पहिलो तीन महिना जनताका मौलिक हकहरू खोसिएर एफएम रेडियोबाट समाचार प्रशारणमा रोक लगाइयो। यसको असर समाचार उत्पादन, प्रशोधन र प्रशारणमा संलग्न पत्रकारहरूमा पर्‍यो। यस बिषयमा अहिलेसम्म कुनै अध्ययन अनुसन्धान भएको छैन।

## २.१ नेपाल अधिराज्यको संविधान २०४७ र एफएम पत्रकारहरू

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२, १३ र १६ ले एफएम पत्रकारहरूको पेशागत हक र अधिरकालाई प्रत्याभूत गरेको पाइन्छ।

धारा १२ (२) ले सबै नागरिक (एफएम पत्रकारसहित) लाई देहायका स्वतन्त्रताको प्रत्याभूत गरेको थियो :

क) विचार र अभिव्यक्तिको स्वतन्त्रता

ख) कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता

यसप्रकार शाहीकालमा जारी भएका आदेश, सूचना र निर्देशन (जसले एफएमबाट समाचार प्रशारणमा रोक लगाए) ले एफएममा काम गर्ने पत्रकारहरूको संविधानले प्रत्याभूत गरेको अभिव्यक्तिको स्वतन्त्रता र पेशामा आघात पुर्‍यायो।

त्यस्तै धारा १३ ले समाचार, लेख वा कुनै पाठ्य सामाग्री प्रकाशित गर्नुपूर्व प्रतिबन्ध नलगाउने प्रत्याभूत गरेको थियो। तर एकपछि अर्को गर्दे जारी गरिएका शाही आदेश, सूचना र निर्देशनले एफएम र तीनमा कार्यरत पत्रकारहरूको संवैधानिक अधिकारलाई हनन् गरेको थियो। त्यस्तै, संविधानको धारा १६ ले प्रत्येक नागरिकले सार्बजनिक महत्वको कुनै पनि बिषयको सूचना माग्ने र पाउने हक प्रत्याभूत गरेको थियो। तर समाचार प्रशारणमाथि लगाइएको रोकले त्यो हक खोसिएको थियो।

## २.२ **श्रमजीवी पत्रकार ऐन र एफएम पत्रकारहरू**

श्रमजीवि पत्रकारहरूको पेशागत सुरक्षा दिनको लागि लागू गरिएको श्रमजीवि पत्रकार ऐन शाही शासनकालमा पनि प्रभावकारी भएपनि त्यसबेला जारी आदेश, सूचना र निर्देशनले एफएम पत्रकारहरूको पेशालाई संकटमा पार्‌यो। उक्त ऐनको दफा ८ ले एफएममा पत्रकारहरूको सेवाको सुरक्षा यसप्रकारले गरेको थियो।

> *"यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियमको रीत नपुर्‍याई कुनै पनि श्रमजीवि पत्रकारको सेवाको अन्त्य गर्न सकिने छैन।"*

तर शाही सरकारको समाचार रोक्न जारी आदेश, सूचना र निर्देशनका कारण एफएम पत्रकारहरूको पेशा संकटमा परेको थियो।

## २.३ **एफएम पत्रकारहरूको अवस्थाबारेमा गरिएका अध्ययन**

नेपाली सञ्चारजगतका बिबिध पक्ष समेटेर अध्ययन अनुसन्धान नभएका होइनन्। पत्रकारहरूको अबस्थाबारेमा अध्ययन अनुसन्धान गर्ने परम्परा बि.सं २०३७ सालबाट शुरु भएको पाइन्छ।[३४] शाही प्रेस आयोगलाई पत्रकारको अबस्थाको बारेमा उक्त अध्ययन गर्ने जिम्मेवारी दिइएको थियो।

३४ प्रकाशनको दिग्दर्शन, पृष्ठ ३८४

शाही शासनकालको सञ्चारमाध्यमको अबस्थाकाबारेमा प्रशस्त अध्ययन नभएका होइनन् । त्यसबेला प्रेसमाथि भएको सरकारी हस्तक्षेप र दमनबारेमा प्रशस्त अध्ययन भएका छन् । शाहीकालमा एफएम रेडियोमाथिको नालिबेलीलाई समेटेर मार्टिन चौतारीले "शाही शासनमा स्वतन्त्र रेडियो" नामक पुस्तक प्रकाशित छ । पत्रकार बिनोद ढुङ्गेलद्वारा लिखित उक्त पुस्तकले पनि शाही आदेश, सूचना र निर्देशनले एफएम पत्रकारहरूलाई कस्तो असर पार्‍यो भन्ने पक्षलाई समेटन सकेको छैन ।

नेपाल पत्रकार महासंघले एकपछि अर्को पुस्तकमा नेपाली सञ्चारमाध्यमको अबस्थाका बारेमा पुस्तक र बुलेटिन निकालेको थियो । नेपाल पत्रकार महासंघले शाही शासनकालमा सञ्चारमाध्यमहरुले भोग्नु परेका समस्यालाई समेटेर शाही शासनकालमा नेपाली सञ्चारमाध्यम नामक पुस्तक प्रकाशन गरेको छ । नेपाल पत्रकार महासंघले वि.सं २०६१ साल बैशाखमा प्रेस स्वतन्त्रता संकटमा एकबर्ष नामक पुस्तक प्रकाशन गर्‍यो । उक्त पुस्तकमा एफएम लगाएत सम्पूर्ण सञ्चारमाध्यमको अबस्थाका बारेमा सबिस्तार बर्णन गरेको छ । उक्त पुस्तकमा शाहीकालमा एफएम रेडियोले भोग्नु परेका समस्या, दमनको बारेमा पत्रकार बिनोद ढुङ्गेलले ३० पृष्ठ लामो लेख लेखेका छन् । उक्त लेखमा रेडियोमाथिको सरकारी दमन, भौतिक हस्तक्षेप, सैन्यराज, कानूनी दमनको साहारा, आदेश र निर्देशन, एफएममाथि लगाइएको आर्थिक नाकाबन्दी जस्ता विषय समेटिएका छन् । तर एफएम पत्रकारमा के कस्तो असर पर्‍यो भन्नेबारेमा कुनै उल्लेख छैन । यसैगरी, पत्रकार महासंघले नै विश्व प्रेस स्वतन्त्रता २००८ को अबसर पारेर चुनौती र जोखिम थपिंदै नामक अर्को पुस्तक प्रकाशन गर्‍यो । जसमा पत्रकारका चुनौती र जोखिम, दण्डहिनताको अन्त्य र स्वतन्त्र प्रेसको अपेक्षा, वेपत्ता पत्रकारको स्थिति जस्ता बिषय समेटिएका छन् । पत्रकार महासंघले २०६२ माघमा स्वतन्त्रता खोसिएको एकबर्ष भनेर पत्रकारिता बुलेटिनमा छापेको थियो भने अर्को २०६२ बैशाखमा प्रकाशित पत्रकारिता बुलेटिनमा कालरात्रिको सम्झना भनी बुलेटिन प्रकाशित गरेको छ ।

शाही शासनकालमा प्रेसमाथि गरिएको सरकारी दमनलाई समेटेर अर्को पनि पुस्तक प्रकाशित छ । बद्री पौड्याल र रघु मैनालीद्धारा संयुक्त रुपमा लिखित "संकटकालमा

समाचार” नामक पुस्तकमा एफएममा भएको दमन, सरकारले समाचार प्रशारण रोक्न जारी गरेका आदेश, सूचना र निर्देशन जस्ता बिषयवस्तु समेटिएका छन् । तर ती सरकारी आदेश, सूचना र निर्देशनले एफएममा कार्यरत पत्रकारहरलाई के कस्तो असर पारेको थियो भन्ने पक्षलाई समेटेको पाइदैन । मार्टिन चौतारीद्धारा प्रकाशित पत्रकार बिनोद ढुङ्गेलको शाही शासनमा स्वतन्त्र रेडियो, दमन र प्रतिरोधको कथा पुस्तक २०६४ सालमा प्रकाशनमा आयो । यो पुस्तकमा शाहीकालमा पत्रकारले पाएको सास्तीकोबारेमा बर्णन गरिएको भएपनि शाही सरकारले जारी गरेका सूचना, आदेश र निर्देशनले पत्रकारमाथि परेको असरको बारेमा भने कमै उल्लेख गरिएको छ ।

हुनत शाही शासनकालमा सञ्चारमाध्यमहरूमा के कस्तो असर पर्‍यो भनेर बिभिन्न शोधपत्र पनि तयार पारिएका छन् । पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभागका बिद्यार्थी निमेष रेग्मीले “छापामा सेन्सरसीप र यसको असर” बारेमा २०६२ सालमा नै शोधपत्र तयार पारेको पाइन्छ । उनको शोधपत्रले छापा माध्यमलाई मात्र समेटेको छ । यद्यपी उनको सोधपत्रमा सरकारी आदेश, सूचना र निर्देशनले कति एफएम प्रभावित भए भनेर नेपाल पत्रकार महासंघबाट प्राप्त तथ्थाङ्कमात्र उल्लेख गरिएको छ। शाही शासनकालमा सञ्चारमाध्यमले भोग्नु परेका समस्याको बारेमा पुस्तकहरु लेखिएता पनि त्यस समयमा एफएम पत्रकारहरुलाई के कस्तो असर पर्‍यो भन्ने बारेमा कुनै अध्ययन भएको पाइदैन । तसर्थ यो अध्ययन गर्न लागिएको हो ।

# अध्याय तीन

## ३ अनुसन्धान पद्धती (Research Methodology)

जुनसुकै अध्ययन/अनुसन्धानका लागि Methodology महत्वपूर्ण खुट्किलो हो। Methodology अर्न्तगत अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलनको औजार र तरिकाहरू पर्दछन्। यो अध्ययन Research Design, शोधको महत्व, तथ्याङ्कको स्रोत र प्रकृति, तथ्याङ्क संकलन र तथ्याङ्क विश्लेषणसँग सम्बन्धित छ।

## ३.१ अनुसन्धान ढाँचा (Research Design)

अध्ययन गर्नका लागि प्रस्तावित प्रश्नहरूको जवाफ प्राप्त गर्न गरिने अनुसन्धानको लागि तयार पारिएको योजना नै Research Design हो। Descriptive र Explorative Research Design यो अध्ययनमा प्रयोग गरिएको छ। र यो Research Exploratory पनि हो। किनकी यस अगाडि शाही शासनकालमा एफएममा समाचार बन्द गर्न गरिएका आदेश, सूचना र निर्देशननको एफएम पत्रकारहरूमा कस्तो प्रभाव पर्‍यो भन्ने कुरा यस अगाडि अध्ययन गरिएको छैन। यो अध्ययन Descriptive हो। किनकी यसले अध्ययनका लागि छानिएका एफएम पत्रकारहरूको उमेर, शिक्षा, उनीहरूको आयमा आएको कमी, दोस्रो व्यबसाय, चिन्ता आदिको बारेमा व्याख्या गर्नेछ।

## ३.२ अध्ययनको आवश्यकता (Rationale)

यो शोधपत्र खास उद्देश्य राखेर तयार पारिएको छ। यसको प्रारम्भिक उद्देश्य प्राज्ञिक छ। यो शोधपत्र त्रिभुवन विश्वविद्यालय अर्न्तगतको पत्रकारिता तथा आमसञ्चार स्नातकोत्तर तहको पाठ्यक्रम अनुसार तयार पारिएको हो।

मूलत यो शोधपत्रका लागि यो बिषय छान्नुका निम्न कारणहरू रहेका छन् :

- यो बिषयमा यस अगाडि कुनै अध्ययन गरिएको छैन।
- एफएम पत्रकारमा शाही आदेश, सूचना र निर्देशनले पारेको असरका बारेमा पत्ता लगाउनु

- प्रभावित एफएम पत्रकारको अवस्थाको पत्ता लगाउनु
- त्यस्ता प्रभावित एफएम पत्रकारहरूसँग सम्बन्धित बिबिध पक्षहरूको बारेमा पत्ता लगाउनु ।

यसबाहेक यो अध्ययनले प्रभावित पत्रकारको बारेमा एउटा रुपरेखा पत्ता लगाउने आशा गरिएको छ । यस बिषयबस्तुमा अहिलेसम्म कुनै अध्ययन नभएकोले यो शोधपत्र भविश्यमा यही र यस्तै बिषयमा गरिने अध्ययनका लागि आधार भएको छ ।

## ३.३ नमूना छनोट (Universe & Sampling)

अध्ययनका लागि प्रतिनिधि नमूनाहरू छान्ने प्रक्रिया Sampling हो । नेपाल पत्रकार महासंघका अनुसार शाहीकालमा  उपत्यकामा भएका एफएममा मात्रै करिब २ सय पत्रकारहरू कार्यरत थिए । अन्य आमसञ्चार सम्बन्धित अध्ययनमा जस्तै यो अध्ययनका लागि प्राप्त हुने (Available) अर्थात् सुबिधाजनक (Convenience) प्रकारको (Non-probability Sampling) को प्रयोग गरिएको छ ।

उपत्यकामा शाहीकालमा कार्यरत २ सय एफएम पत्रकारमध्येबाट १ सयलाई अध्ययनका लागि छानिएको छ ।  प्राप्त (Available) अथवा सुबिधाजनक (Convenience Sampling)  तरिकाले छानिएका नमूना अध्ययन सम्बन्धित एफएमहरूमा गएर प्रश्नावली दिएर भर्न लगाइएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यो अध्ययनका लागि गुणात्मक (Qualitative)  र संख्यात्मक (Quantitave)  तथ्याङ्क प्रयोग गरिएको छ । Structured Schedule  प्रयोग गरेर Primary  र Secondary  तथ्याङ्क संकलन गरिनेछ । यस्ता schedule हरू शाहीकालमा  एफएममा कार्यरत पत्रकारहरूलाई भर्न लगाइएको छ । त्यस्तै Secondary तथ्याङ्क  तत्कालिन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनपछि प्रकाशित पुस्तक, जर्नल, अगाडिका अध्ययन प्रतिवेदन, लेख, इन्टरनेट र अन्य सामग्रीबाट संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन बिधि

आवश्यक र भरपर्दा तथ्याङ्क संकलनका औजारहरू प्रयोग गरिएको छ। ती यसप्रकार छन् :

### ३.५.१ अन्तर्वार्ता

अन्तर्वातामा खुला र बन्द प्रश्नहरू सोधिएका थिए। प्रश्नावाली तयार गरेपछि गुणात्मक र संख्यात्मक दुबै तथ्याङ्कहरू प्राप्त गरिएका थिए। गुणात्मक र संख्यात्मक तथ्याङ्क प्रश्नावलीबाट संकलन गरिएको छ।

## ३.६ Reliability / Validity

कुनैपनि अध्ययन राम्रो हुनका लागि संकलित तथ्याङ्क भरपर्दो (Reliable) र मान्य (Valid) हुनुपर्छ। यसका  लागि तथ्याङ्क संकलनको उपयुक्त बिधि Structured प्रश्नहरू तयार पारिएको छ। त्यस्तै, विज्ञ उत्तरदाता छानिएको छ ताकि प्राप्त तथ्याङ्कहरू भरपर्दो हुन्। र यी तथ्याङ्कहरू उर्पयुक्त रुपले बर्गीकृत गरि तीनको बिश्लेषण शोध निर्देशकको सल्लाह अनुसार गरिएको छ।

## ३.७ तथ्याङ्क प्रशोधन र बिश्लेषण

बिभिन्न श्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई अंकगत र व्याख्यात्मक रुपमा बिश्लेषण र प्रस्तुती गरिएको छ।

## ३.८ अध्ययनका सीमाहरू

अन्य अनुसन्धानमा जस्तै, यो अध्ययनका पनि आफ्नै सीमाहरू छन्। यो अध्ययनले अधिराज्यभरका एफएमहरूमा कार्यरत पत्रकारहरूलाई समेट्न सकेको छैन। केवल काठमाण्डौ उपत्यकाका एफएममा कार्यरत पत्रकारहरूलाई मात्र समेटेको छ। समय, प्राप्त स्रोतसाधनको सिमितता र अध्ययनको उद्देश्यका कारण काठमाण्डौका एफएम पत्रकारहरूलाई मात्र समेटिएको हो। यसप्रकार यस अध्ययनले पत्ता लगाएको कुरा काठमाण्डौ बाहिरका पत्रकारहरूको सन्दर्भमा उही नहुन सक्छ। त्यसबाहेक Convenience Sampling को प्रयोगका कारणले गर्दा अध्ययनमा केही गल्ती आउन सक्ने देखिन्छ।

यसबाहेक यो अध्ययनबाट प्राप्त कुरा अन्य देशका पत्रकारहरूको सन्दर्भमा गाह्य (applicable) नहुन सक्छ । यसप्रकार यस अध्ययनको External Validity माथि प्रश्न उठन सक्छ । यो शोधपत्रको प्रमुख उद्देश्य प्राज्ञिक भएकोले सयजना एफएम पत्रकारहरूलाई मात्र अध्ययनका लागि लिइएको छ । व्यबसायिक अनुभब र कुशलताको अभाब, पर्याप्त समय र बजेटको अभाबले यो शोधपत्रले सोचेजस्तो बिस्तृत कुराहरू पत्ता नलगाएको पनि हुन सक्छ ।

# अध्याय चार

## ४ जवाफदाताहरूको विवरण

यो अध्यायमा जवाफदाताहरूको सामाजिक अवस्थाको बारेमा अध्ययन गरिएको छ। यो अध्यायमा जवाफदाताहरूको जनसांख्यिक बिशेषता (Demographic Characteristics) जस्तै-उमेर, धर्म, लिङ्ग, जातियता, शिक्षा र रेडियो पत्रकारिताको अनुभबको बारेमा अध्ययन गरिएको छ।

### ४.१ जनसांख्यिक बिशेषता (Demographic Characteristics)

यो उपशिर्षक अर्न्तगत जवाफदाताहरूको जनसांख्यिक बिशेषताको बारेमा अध्ययन गरिएको छ। जवाफदाताहरूको उमेर र लिङ्गलाई जनसांख्यिक बिशेषताको सूचकको रुपमा लिइएको छ।

#### ४.१.१ उमेर र लिङ्गका आधारमा जवाफदाताहरूको अवस्था

समाजमा यसको सदस्यहरूवीच उमेरको आधारमा फरक छुट्टयाइन्छ। प्रत्येक उमेरका आफ्नै बिशेषता, मूल्य र मान्यता हुन्छन्। त्यस्तै, लिङ्गले पुरुष र महिलाकोवीचको जैविक बिभेदलाई बुझाउँछ। यहाँ एफएम पत्रकारहरूको उमेर र लिङ्गको बारेमा अध्ययन गरिएको छ। यसका आधारमा कुन उमेरका पत्रकारहरू शाही शासनकालमा एफएममा कार्यरत थिए भने सामान्यिकरण गर्न सजिलो हुनेछ।

जवाफदाताहरूको उमेर समूह र लिङ्गलाई निम्न तालिकामा दिइएको छ।

**उमेर र लिङ्गको आधारमा जवाफदाताहरूको अबस्था**

तालिका नं. ४.१.१

| उमेर समूह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १०- २० | - | - | - |
| २०- ३० | १५ | ५५ | ७० |
| ३०- ४० | ५ | २३ | २८ |
| ४०- ५० | - | २ | २ |
| ५०- ६० | - | - | - |
| ६० भन्दा माथि | - | - | - |
| जम्मा | २० | ८० | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

तालिका नं ४.१.१ अनुसार उमेर समूहलाई ६ भागमा बाँडिएको छ। सबैभन्दा बढी जवाफदाता २० देखि ३० उमेर समूहका रहेका छन्। जम्मा ७० जना जवाफदाता यो समूहका रहेका छन्। जसमध्ये १५ जना महिला रहेका छन्। जुन २१.१ प्रतिशत हो। यो संख्या कुल जवाफदाताको ७० प्रतिशत हो। त्यसैगरी ३० देखि ४० को उमेर समूहमा २८ जवाफदाता रहेका छन्। जुन कुल संख्याको ३० प्रतिशत हुन आउछ। यो उमेर समूहमा ५ जना जवाफदाता महिला रहेका छन्। यो संख्या ३३.२ प्रतिशत हो। सबभन्दा कम जवाफदाता ४० देखि ५० को उमेर समूहका रहेका छन्। यो समूहमा जम्मा २ जना रहेका छन्। जुन कुल संख्याका २ प्रतिशत हो। ५० देखि ६० र ६० भन्दा माथिको उमेर समूहका एकजना पनि जवाफदाता रहेका छैनन्।

### ४.१.२ **जात**

जात एउटा सामाजिक विभाजन हो। समाजलाई विभाजन गर्ने एउटा प्रमुख आधार जात हो। यो अध्ययनमा सहभागीहरूको जात अनुसारको बर्गीकरण यसप्रकार रहेको छ। यस सम्बन्धि बिस्तृत विवरण यसप्रकार दिइएको छ।

### जातको आधारमा जवाफदाताहरूको विवरण

तालिका नं ४.१.२

| जात | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| बाहुन | ८ | ३८ | ४६ |
| क्षेत्री | ८ | ३० | ३८ |
| जनजाती | ४ | १० | १४ |
| दलित | - | २ | २ |
| जम्मा | २० | ८० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६५*

माथिको तालिका अनुसार १०० जना सहभागी मध्ये ४६ जना बाहुन जातका थिए। जसमा ३८ जना पुरुष (८२.६० प्रतिशत) र ८ जना महिला (१७.४० प्रतिशत) थिए। त्यस्तै ३८ जना सहभागी क्षेत्री जातका थिए। ३८ मध्ये ८ जना (२१.०५ प्रतिशत) महिला र ३० जना (७८.९५ प्रतिशत) पुरुष थिए। यसैगरी, १४ जना जनजाती अध्ययनमा सहभागी थिए। १४ जनामध्ये ४ जना महिला (२८.५७ प्रतिशत) र १० जना (७१.४३ प्रतिशत) पुरुष थिए। अध्ययनमा सहभागी मध्ये २ जना दलित थिए। तर महिला दलित भने थिएनन।

## ४.१.३ धर्म

मानिस सामाजिक प्राणी हो। साथै, उ एउटा धार्मिक र आध्यात्मिक प्राणी पनि हो। धर्म उसको चासकोको बिषयबस्तु पनि हो। धर्म मानिसको सबैभन्दा पुरानो र गहिरो चासो भएको बिषयबस्तु हो। धर्म विश्वब्यापी र सर्बत्र पाइन्छ। मानिसका विश्वास, रितीरिवाज, मूल्य र मान्यता धर्मद्धारा निर्देशित हुन्छन्। धर्म समाजै पिच्छे फरक हुन्छ। अध्ययनमा सहभागी जवाफदाताहरूको धर्मको आधारमा बर्गीकरण गरिएको छ।

## धर्मको आधारमा जवाफदाताहरूको विवरण

तालिका नं ४.१.३

| धर्म | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| बौद्ध | - | ७ | ७ |
| हिन्दु | १५ | ६१ | ७६ |
| इसाइ | १ | ५ | ६ |
| मुस्लिम | - | १ | १ |
| कुनै धर्म नमान्ने | ४ | ६ | १० |
| जम्मा | २० | ८० | १०० |

*स्रोत : स्थलगत अध्ययन, २०६५*

तालिका नं. ४.१.३ अनुसार जवाफदातामध्ये ७ जना बौद्ध धर्म मान्ने थिए । ती पनि सबैजना पुरुष थिए । त्यस्तै, जवाफदाताहरू मध्येका सबैभन्दा बढी अर्थात् ७६ जना हिन्दु धर्ममा विश्वास गर्ने थिए । ती मध्ये पनि १५ जना अर्थात् १९.७४ प्रतिशत महिला थिए । जवकी पुरुषको संख्या चाही ६१ अर्थात् ७९.२६ प्रतिशत थियो । टेवलका अनुसार ६ जना जवाफदाताहरू इसाई धर्म मान्ने थिए । ६ जना मध्ये पनि एकजना महिला १६.६७ प्रतिशत र ५ जना पुरुष अर्थात् ८३.३३ प्रतिशत पुरुष थिए । त्यस्तै, जवाफदाता १०० जना मध्ये इस्लाम धर्म मान्ने एकजना मात्रै थिए । इस्लाम धर्म मान्ने एकजना पनि महिला समभागी थिएनन । त्यसैगरी, कुनैपनि धर्म नमान्ने जवाफदाताहको संख्या १० थियो । त्यसमा पनि ४ जना अर्थात् ४० प्रतिशत महिला थिए भने ६ जना अर्थात् ६० प्रतिशत पुरुष थिए ।

### ४.१.४ शैक्षिक योग्यता

यो अध्ययनको क्रममा जवाफदाताहरूको शैक्षिक अबस्थाको बारेमा पनि तथ्याङ्क संकलन गर्ने प्रयास गरिएको थियो । उनीहरूको शैक्षिक योग्यता यसप्रकार दिइएको छ ।

**जवाफदाताहरूको शैक्षिक योग्यताको विवरण**

**तालिका नं ४.१.४**

| एस.एल.सी | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह | पि एच डि |
|---|---|---|---|---|
| - | ११ | ७० | १९ | - |
| जम्मा | ११ | ७० | १९ | - |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

माथि उल्लेखित तालिका अनुसार अध्ययनका लागि लिइएका एफएम पत्रकारहरू मध्ये ७० जना स्नातक गरेका थिए । यो संख्या कुल जवाफदाताको ७० प्रतिशत हो । त्यस्तै, १९ जना जवाफदाताहरू स्नातकोत्तर थिए, जुन कुल संख्याको १९ प्रतिशत हो । त्यस्तै सबैभन्दा कम अर्थात् ११ प्रतिशत जवाफदाताहरू प्रमाणपत्र तह उत्तिर्ण थिए ।

# अध्याय पाँच

## ५ एफएम पत्रकारको अबस्था

यो अध्ययनमा राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालमा एफएमलाई लक्षित गरी जारी गरिएका आदेश, सूचना र निर्देशनले पत्रकारलाई  के, कस्तो र कसरी असर पार्‍यो भन्ने चर्चा गरिएको छ ।

## ५.१ सरकारी आदेश/सूचना/निर्देशनको जानकारी

एफएममा कार्यरत पत्रकारहरूले उनीहरूका सञ्चारमाध्यमलाई लक्षित गरी जारी गरिएका आदेश, सूचना र निर्देशन बिभिन्न माध्यमबाट थाहा पाएका थिए । जसको विवरण यसप्रकार दिइएको छ ।

**सरकारी आदेश/सूचना/निर्देशनको जानकारी**

**तालिका नं ५.१**

| क | ख | ग | घ | ङ | च | छ |
|---|---|---|---|---|---|---|
| ७५ | ११ | २ | ३ | २ | ५ | २ |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

माथिको तालिकामा 'क' ले सरकारी सञ्चारमाध्यम, 'ख' ले फ्याक्स मार्फत प्राप्तपत्रबाट, 'ग' ले टेलिफोनबाट, 'घ' ले प्रहरीबाट, 'ङ' ले सेनाबाट, 'च' ले आफ्नो सञ्चारमाध्यमको प्रमुखबाट र 'छ' ले सहकर्मी साथीहरूबाट भन्ने बुझाउँछ। तालिका अनुसार ७५ जना जवाफदाताले शाही सरकारले एफएमहरूलाई लक्षित गरी जारी गरिएको आदेश, सूचना र निर्देशन सरकारी सञ्चारमाध्यमबाट थाहा पाएका थिए। यसैगरी, दुईजनाले सरकारी कर्मचारीको फोनबाट, ३ जनाले सेनाबाट, २ जनाले आफ्नो

सञ्चारमाध्यमको प्रमुखबाट र ५ जनाले आफ्ना सहकर्मी साथीहरूबाट ती आदेश, सूचना र निर्देशन थाहा पाएका थिए ।

## ५.२ आदेश, सूचना र निर्देशनप्रति एफएम पत्रकारहरूको धारणा

शाही शासनकालमा जारी गरिएका आदेश, सूचना र निर्देशनप्रति एफएम पत्रकारहरूको धारण निम्नानुसार थियो ।

**आदेश, सुचना र निर्देशनप्रति एफएम पत्रकारको धारणा**

**तालिका नं ५.२**

| राम्रो लाग्यो | नराम्रो लाग्यो | डरलाग्यो |
|---|---|---|
| - | २२ | ७८ |
| जम्मा | १०० | ७८ |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

तालिका नं ५.२ ले शाही शासनकामा जारी गरिएका आदेश, सूचना र निर्देशनप्रति पत्रकारको धारणालाई देखाएको छ। तालिका अनुसार २२ जना एफएम पत्रकारले एफएमबाट समाचार रोक्न जारी गरिएका आदेश, सूचना र निर्देशन आफूलाई मन नपरेको बताए । त्यस्तै ७८ जना जवाफदाताले उक्त आदेशले भयभित बनाएको बताए ।

## ५.३ आदेश, सूचना र निर्देशन कार्यान्वयनमा सुरक्षाकर्मी

जवाफदाताहरूलाई आदेश, सूचना र निर्देशन कार्यान्वयनमा सुरक्षाकर्मीको उपस्थिति उनीहरू कार्यरत एफएमहरूमा थियो कि थिएन भनेर सोधिएको थियो। सरकारी आदेश, सूचना र निर्देशन कार्यान्यनमा सुरक्षाकर्मीको अबस्था यसप्रकार रहेको थियो ।

**आदेश, सूचना र निर्देशन कार्यान्वयनमा सुरक्षाकर्मीको अबस्था**

**तालिका नं ५.३**

| | |
|---|---|
| सुरक्षाकर्मी आए | ८५ |
| सुरक्षाकर्मी आएनन | ५ |
| थाहा भएन | १० |
| जम्मा | १०० |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

तालिका नं. ५.३ अनुसार सबैभन्दा बढी जवाफदाताहरूले एफएमहरूलाई लक्षित गरी जारी गरिएको आदेश, सूचना र निर्देशन कार्यान्वयन गर्न सुरक्षाकर्मी आउका थिए भन्ने बताए। यस्तो भन्ने जवाफदाताहरूको संख्या ८५ थियो जुन कुल जवाफदाताको ८५ प्रतिशत हुन आउँछ। त्यस्तै ५ जना जवाफदाताहरूले आदेश, सूचना र निर्देशन कार्यान्वयन गर्न सुरक्षाकर्मी नआएको बताए भने अन्य १० जनाले यसबारेमा आफूलाई थाहा नभएको बताए।

## ५.४ सुरक्षाकर्मीको उपस्थिति र त्रास

एफएममा कार्यरत पत्रकारहरूलाई सुरक्षाकर्मीको उपस्थितिले त्रसित बनायो कि बनाएन भनेर यसप्रकार दिइएको छ।

**एफएममा सुरक्षाकर्मीको उपस्थिति र त्रास**

**तालिका नं. ५.४**

| डराएँ | डराइँन |
|---|---|
| ९५ | ५ |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

तालिका नं ५.४ का अनुसार अधिकांश जवाफदाताहरूले एफएममा सरकारी आदेश, सूचना र निर्देशन कार्यान्वयन गर्न आएका सुरक्षाकमीबाट भएभित भएको बताए। यसरी डराउनेको संख्या ९५ अर्थात् ९५ प्रतिशत थियो भने ५ जना अर्थात् ५ प्रतिशतले सुरक्षार्कीको उपस्थितिले आफू नडराएको बताए।

## ५.५ सुरक्षाकर्मीको उपस्थिति र पेशागत स्वतन्त्रता

सुरक्षाकर्मीको एफएममा उपस्थितिले त्यहाँ कार्यरत पत्रकारको पेशागत स्वतन्त्रतामा परेको असरलाई यसप्रकार दिइएको छ।

**सुरक्षाकर्मीको उपस्थितिले पेशागत स्वतन्त्रतामा परेको असर**

**तालिका नं. ५.५**

| असर पर्‍यो | असर परेन |
|---|---|
| ८५ | १५ |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

तालिका नं. ५.५ मा सुरक्षाकर्मीको उपस्थितिले एफएममा कार्यरत पत्रकारहरूको पेशागत स्वतन्त्रतामा परेको असर देखाइएको छ। ८५ जना जवाफदाताले सुरक्षाकर्मीको उपस्थितिले आफ्नो पेशागत स्वतन्त्रतामा असर परेको बताएका थिए भने १५ जनाले सुरक्षाकर्मीको उपस्थितिले आफ्नो पेशामा खासै असर नपरेको बताएका थिए।

## ५.६ संकटमा पेशा

समाचार तथा सूचनामूलक सामग्रीको मा रोक लागेपछि तिनमा संलग्न पत्रकारहरूको आर्थिक अबस्था नाजुक भएको थियो। एफएममा कार्यरत पत्रकारहरूको पेशा नै संकटमा पर्ने अबस्था आएको थियो।

**सरकारी आदेश, सूचना र निर्देशन र पेशागत असुरक्षाको अबस्था**

**तालिका नं. ५.६**

| पेशाको असुरक्षाको महसुश गरें | पेशाको असुरक्षाको महसुश गरिन |
|---|---|
| १०० | - |

*स्रोत : स्थलगत अध्ययन, २०६५*

तालिका नं. ५.६ का अनुसार अध्ययनमा सहभागी सम्पूर्ण सहभागी एफएम पत्रकारहरूले आफूले सरकारी आदेश, सूचना र निर्देशनका कारण आफ्नो पेशा असुरक्षित भएको बताएका थिए।

## ५.७ मानसिक तनाब

शाही कालमा एफएममा समाचार बन्द गर्न जारी गरिएका आदेश, सूचना र निर्देशनका कारण एफएम पत्रकारको पेशा संकटमा परेको थियो। फलत : एफएम पत्रकारहरूमा मानसिक तनाब उत्पन्न हुनु स्वभाविक थियो।

**जवाफदाताहरूको मानसिक तनाबको अवस्था**

**तालिका नं. ५.७**

| मानसिक तनाब भयो | मानसिक तनाब भएन |
|---|---|
| ९० | १० |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

तालिका नं ५.७ का अनुसार ९० जना जवाफदाताहरूले शाही शासनकालमा जारी आदेश, सूचना र निर्देशनका कारण आफ्नो पेशा संकटमा परेको र त्यसको कारण आफूलाई मानसिक तनाव भएको बताएका थिए। तर १० जनाले भने आफ्नो अर्को पेशा पनि भएकोले र बजारमा अन्य रोजगारी सजिलै पाउन सक्ने भएकाले ती आदेश, सूचना र निर्देशनको आफूमा कुनै असर नपरेको बताए।

## ५.८ आयमा असरमा

जव एफएमबाट समाचार र सूचनामूलक कार्यक्रम  गर्न बन्देज लगाइयो तब ती कार्यक्रम उत्पादन र मा संलग्न पत्रकारको पेशा संकटमा पर्‍यो। एफएमहरूको आय घट्यो। यसको असर पत्रकारको आयमा पर्नु स्वभाविक थियो। जब सरकारी आदेश, सूचना र निर्देशनले समाचारमूलक कार्यक्रम बन्द भए तब यसको असर एफम्एमहरूको आयमा पर्‍यो र पत्रकारमा पनि पर्‍यो।

**एफएममा कार्यरत पत्रकारको आयमा परेको असर**

**तालिका नं. ५.८**

| आयमा असर पऱ्यो | आयमा असर परेन |
|---|---|
| ८५ | १५ |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

तालिका नं. ५.८ का अनुसार जब सरकारी आदेश, सूचना र निर्देशनका कारण एफएमबाट समाचार र सूचनामूलक कार्यक्रमहरू बन्द भए तब एफएममा कार्यरत पत्रकारहरूको आय पनि घट्यो। यसरी पत्रकारहरूको आयमा कमी आउनुको कारण थियो एफएमहरूमा विज्ञापनको कमी हुनु। जसले गर्दा धेरै एफएममा कार्यरत पत्रकारहरूको

आर्थिक अबस्था कमजोर भयो। तालिका अनुसार ८५ जना अर्थात् ८५ प्रतिशत एफएम पत्रकारहरूले आफ्नो आयमा कमी आएको बताए भने १५ प्रतिशत अर्थात् १५ जनाले आफ्नो आयमा खासै कमी नआएको बताए।

## ५.९ समाचार र सूचनामूलक कार्यक्रम बन्द भएपछिको अबस्था

सरकारी आदेश, सूचना र निर्देशनका कारण एफएमहरूबाट समाचार बन्द भएपछि समाचार र सूचनामुलक कार्यक्रम उत्पादनमा संलग्न पत्रकारहरू संकटमा परे। कोही पत्रकार बेरोजगार भए, कोही अन्य कार्यक्रम उत्पादनमा लागे भने कोही पत्रकार पत्रिकामा काम गर्न थाले। साथै कोहीले भने अन्य पेशा अपनाउन थाले।

**समाचार र सूचनामूलक कार्यक्रम बन्द भएपछिको अबस्था**

**तालिका नं. ५.९**

| क | ख | ग | घ |
|---|---|---|---|
| ७५ | १५ | ५ | ५ |

*स्रोतः स्थलगत अध्ययन, २०६५*

तालिका नं.५.९ का अनुसार ‘क’ भन्नाले बेरोजगार ‘ख’ भन्नाले अन्य कार्यक्रम उत्पादन गर्ने, ‘ग’ भन्नाले पत्रपत्रिकामा काम गर्ने र ‘घ’ भन्नाले अन्य पेशामा लाग्ने पत्रकारहरूलाई बुझाउँछ। तालिका अनुसार जवाफदाताहरूमध्ये ७५ जनाले आफूहरू बेरोजगार भएको बताए भने १५ जनाले समाचार बन्द भएपछि अन्य कार्यक्रम उत्पादन गर्न थालेको बताए। त्यस्तै ५ जनाले समाचार बन्द भएपछि पत्रपत्रिकामा काम गर्न थालेको बताए। र ५ जना जवाफदाताले समाचारमाथिको बन्देजपछि आफूले अर्को पेशा शुरु गर्नु परेको बताए।

## ५.१० आयमा असर परेपछिको अबस्था

जवाफदाताहरूलाई आयमा असर परेपछि के गर्नु भयो भनि सोधिएको थियो। उक्त प्रश्नको जवाफमा जवाफदाताहरूले निम्नकुराहरू बताए। जुन तालिका नं ५.१२ मा देखाइएको छ।

### आयमा असर परेपछिको अबस्था

तालिका नं. ५.१०

| आशिक समय काम खोंजे | खर्च कटौती गरें |
|---|---|
| ६५ | ३५ |

*स्रोत: स्थलगत अध्ययन, २०६५*

तालिका नं. ५.१० का अनुसार ६५ जना जवाफदाताले आफूले एफएममा समाचार मा बन्देज लगाएपछि जीविकोपार्जनका लागि आशिंक समय काम खोजेको बताएका थिए । त्यसैगरी, ३५ जनाले खर्च कटौती गरेर घरखर्च धान्नु परेको बताएका थिए ।

## ५.११ पेशाप्रतिको विकर्षण

सरकारी सूचना, आदेश र निर्देशनका कारण समाचार प्रशारणमा बन्देज लागेपछि एफएम पत्रकारिताको भविश्यनै अन्योलमा पर्‍यो । आफु संलग्न पेशाको यो अबस्थाका कारण पत्रकारहरूको अबस्था एकदमै दयनिय बन्यो । पत्रकारहरूलाई रेडियो पत्रकारिता भन्दा पनि अन्य पत्रकारितको खोजीमा लाग्न थाले । त्यससमयमा एफएम पत्रकारहरूको अबस्था कस्तो रह्यो भन्ने बारेमा निम्न तालिकामा दिईएको छ ।

### एफएम पत्रकारिताप्रतिको बिकर्षण/आकर्षण

तालिका नं. ५.११

| एफएम पत्रकारिताप्रति विकर्षित भए | एफएम पत्रकारिताप्रति आकर्षित भए |
|---|---|
| ७१ | २९ |

*स्रोत : स्थलगत अध्ययन, २०६५*

तालिका नं. ५.११ का अनुसार ७१ जना जवाफदाताहरूले समाचारमाथिको प्रतिबन्धका कारण एफएम पत्रकारिताप्रति बिकर्षित भएको बताए । त्यस्तै, २९ जना जवाफदाताहरूले भने सरकारी आदेश, सूचना र निर्देशनका कारण एफएमहरूबाट समाचार र सूचनामूलक कार्यक्रम बन्द भएपनि एफएम पत्रकारिताप्रतिको आकर्षणमा कुनै कमी नआएको बताए ।

# अध्याय छ

## ६ सारांश

शाही शासनकालको शुरुवातसँगै लगाइएको समाचारमाथिको बन्देजका कारण द्रुत गतिमा विकसित भइरहेका एफएमहरू अप्ठ्यारोमा परे। त्यतिमात्र होइन एफएमहरूको अस्तित्वनै संकटमा पर्‍यो। समाचार र सूचनामूलक कार्यक्रमहरू मा लगाइएको बन्देजको कारण त्यस्ता कार्यक्रमको उत्पादन, प्रशोधन र मा संलग्न एफएम पत्रकारहरूको पेशा संकटमा पर्‍यो। शाही सरकारद्धारा जारी गरिएका एकपछि अर्को आदेश, सूचना र निर्देशनका कारण एफएम पत्रकारहरू दिनप्रतिदिन आतंकित हुने अबस्था आयो।

समाचार माथि लगाइएको प्रतिबन्धका कारण एफएमहरूको आर्थिक अबस्था संकटमा पर्‍यो। समाचार र सूचनामूलक कार्यक्रम नभएपछि एफएमहरूको लोकप्रियता घट्यो। जसले गर्दा विज्ञापनदाताहरू पनि एफएममा विज्ञापन दिन छाडे। यसको परिणामस्वरुप एफएमहरूको आर्थिक अबस्था कमजोर भयो। जसले गर्दा त्यहाँ कार्यरत पत्रकारहरूलाई तलब दिन सक्ने अबस्था एफएमहरूको रहेन। यसर्थ एफएमहरूलाई लक्षित गरी जारी गरिएका सूचना, आदेश र निर्देशनले एफएममा कार्यरत पत्रकारहरूलाई के कसरी प्रभाब पार्‍यो भन्ने बारेमा यसअघि अध्ययन भएको थिएन। जसमा यस अध्ययनको सान्दर्भिकता जोडिएको पाइन्छ।

शाही शासनकालमा एफएमहरूलाई लक्षित गरेर गरिएका सूचना, आदेश र निर्देशनले एफएम पत्रकारहरूलाई कुन रुपले प्रभावित गर्‍यो भन्ने कुराको अध्ययन गर्नु यस अध्ययनको उद्देश्य रहेको छ।

यस अध्ययनका लागि शाही शासनकालामा उपत्यकाका एफएममा कार्यरत १ सय जना पत्रकारहरूलाई Convinient Sampling Method बाट छानिएको थियो। यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क Structured र Unstructure Questionnaries को

माध्यमबाट संकलन गरिएको थियो। त्यस्तै, Key Informants को माध्यमबाट पनि आवश्यक तथ्याङ्क संकलन गरिएको थियो।

यसप्रकारको पहिलो अध्ययन भएकोले यस अध्ययनबाट प्राप्त परिणामले शाही शासनकालमा एफएमलाई लक्षित गरी जारी गरिएका सूचना, आदेश र निर्देशनका कारणले एफएममा कार्यरत पत्रकारमा के कस्तो असर पर्‍यो भन्ने बारेमा यस अध्ययनले जानकारी दिनेछ। यस अध्ययनले पत्ता लगाएका प्रमुख कुराहरू यसप्रकार रहेका छन्।

- यसप्रकारको अध्ययन यसअघि गरिएको थिएन।
- यस अध्ययनमा सहभागी एफएम पत्रकारहरू मध्ये ८० प्रतिशत पुरुष थिए भने २० प्रतिशत मात्र महिला थिए।
- अध्ययनमा सहभागीमध्ये धेरैजसो २० देखि ३० उमेर समूहका थिए। त्यस्तै, ३० देखि ४० उमेरसमूहका २८ जना र ५० बर्ष भन्दामाथिका एकजना पनि एफएम पत्रकार थिएनन।
- बाहुन क्षेत्री जातका एफएम पत्रकार बढी थिए।
- जसमा हिन्दुधर्म मान्ने एफएम पत्रकारको बाहुल्यता थियो।
- जवाफदाताहरूमध्ये सबैभन्दा बढी स्नातक शैक्षिक योग्यता भएका थिए भने त्यसपछि स्नातकोत्तर गरेका थिए। एसएलसी पास गरेका जवाफदाताहरू सबभन्दा कम थिए।
- अधिकांश जवाफदाताहरूले एफएममा समाचार रोक्नको लागि जारी गरिएका सरकारी सूचना, आदेश र निर्देशन सरकारी सञ्चारमाध्यमबाट थाहा पाएका थिए।
- अधिकांश जवाफदाताहरूले ती आदेश, सूचना र निर्देशन नराम्रो र डरलाग्दो भएको बताएका थिए।
- अधिकाशं एफएममा सरकारी सूचना, आदेश, र निर्देशन कार्यान्वय गर्न सुरक्षाकर्मी एफ्फएममा उपस्थित भएका थिए।

- अधिकाशं एफएम पत्रकारहरू सुरक्षाकर्मीको उपस्थितिका कारण त्रसित बनेका थिए ।
- सुरक्षाकर्मीको एफएमहरूमा भएको उपस्थितिले पत्रकारहको पेशागत स्वतन्त्रतामा असर परेको थियो ।
- एफएममा समाचार बन्देज गर्ने गरी शाही सरकारले जारी गरेका सूचना, आदेश र निर्देशन एफएम पत्रकारहरूलाई मन परेको थिएन । तर केही पत्रकारले भने आफू ती सूचना, आदेश र निर्देशनलाई स्वभाविक रुपमा लिएको बताए । उनीहरूका अनुसार शाही शासनकालमा जनताका मौलिक हकप्रति अनुदार भएको र त्यस्तो सरकारबाट आएका अनुदार सूचना, आदेश र निर्देशन स्वभाविक रुपमा लिएका थिए ।
- एफएमलाई लक्षित गरी जारी शाही सूचना, आदेश र निर्देशनले एफएम पत्रकारको पेशा संकटमा परेको थियो ।
- पेशा संकटमा परेपछि एफएम पत्रकारहरूमा मानसिक तनाब आएको थियो ।
- अधिकाशं पत्रकारहरूको आयमा असर परेको थियो ।
- धरै पत्रकारहरू बेरोजगार भएको पाइयो । त्यस्तै, कतिपय पत्रकारहरले गैर समाचारमूलक कार्यक्रममा संलग्न हुन थालेको पाइयो भने केहीले भने एफएम पत्रकारिता नै छोडेको पाइयो ।
- आयमा असर परेपछि कतिपयले आशिंक काम खोज्नु पर्‍यो भने कतिले व्यबहार धान्न खर्च कटौती गर्नु परेको थियो ।
- सरकारी आदेश, सूचना र निर्देशनका कारण धेरैजसो पत्रकारहरू पेशाप्रति नै बिकर्षण भएका थिए ।

## ६.१ निष्कर्ष

शाही शानिकालमा एफएममा कार्यरत पत्रकारहरुका लागि एउटा कालो समय थियो। जब सरकारी आदेश, निर्देशन र सूचनाका कारण एफएमबाट समाचार बन्द भयो तब एफएमहरूको अस्तित्व नै संकटमा मात्रै परेन त्यहाँ कार्यरत पत्रकारहरूको रोजीरोटी नै संकटमा पर्‍यो। समाचार बन्द भएपछि पत्रकारहरू बेरोजगार भए। यसको असर उनीहरूको घरव्यबहारमा समेत पर्‍यो। कतिले अन्य काम खोज्नु पर्‍यो त कतिले दैनिक खर्च कटौति समेत गर्नुपर्‍यो। समाचारमाथिको बन्देजको कारण पत्रकारहरूले आफ्नो पेशाप्रति नै घृणा गर्नुपर्ने अबस्था सृजना भयो।

शाही शासनकालसँगै एफएमहरूमा समाचार रोक्न सुरक्षार्की उपस्थित गराइए। जसका कारण पत्रकारहरू भयभित हुने अबस्था आयो। उनीहरूको सम्पादकीय स्वतन्त्रतामा असर पार्‍यो। पत्रकारहरू मानिसक तनाबमा रहे। उनीहरूको आयमा असर पर्‍यो, जसले गर्दा व्यबहार चलाउन बैकल्पिक व्यबसाय गर्नपर्ने र खर्च कटौती गर्नुपर्ने अबस्था आयो।

शाही शासनकालमा शाहीसत्ताले एफएमप्रति गरेको व्यबहार सर्बत्र आलोचित थियो। त्यसबाट पाठ सिकेर एफएम र त्यसमा कार्यरत पत्रकारहरूको पेशागत सुरक्षाका लागि ठोस कदम चाल्न  आवश्यक देखिन्छ। खासगरी समाचार मा रोक लागेपछि एफएममा कार्यरत पत्रकारहरु संकटमा परे। यस्तो अबस्था आउन नदिनका लागि पत्रकारहरुको पेशागत सरक्षा प्रत्याभूत गर्न आवश्यक कदम चाल्न आवश्यक छ। यसका लागि आवश्यक कानून बनाउन पनि आवश्यक देखिन्छ। ताकि भविश्यमा एफएम पत्रकारहरूको पेशा संकटमा नपरोस।

## ६.२ सुझाब

शाही शासनकालमा एफएम पत्रकारहरू गम्भीर संटकमा परे । इतिहास बनिसकेको उक्त परिस्थितिबाट पाठ सिकेर अगाडि बढ्न अत्यन्तै आवश्यक देखिन्छ । यसको अर्थ हो- एफएममा कार्यरत पत्रकारहरूको पेशागत सुरक्षालाई प्रत्याभूत गर्न कदम चाल्न आउँदा उनीहरूको पेशा संकटमा नपरोस । उनीहरको पेशागत सुरक्षा प्रत्याभूत गर्न निम्न सुझाबहरू दिन सकिन्छ :

- एफएमहरूबाट समाचार को हक अब बन्ने संविधानमा नै प्रत्याभूत गर्नु पर्छ । ताकि एफएमहरू शाही शासनकालको जस्तो संकटमा नपरुन ।
- एफएमहरूको आर्थिक सुरक्षा प्रत्याभूत गर्न आवश्यक देखिन्छ । किनकी आर्थिक रुपमा एफएमहरू सबल भए भने मात्रै एफएम पत्रकारहरूको पेशागत सुरक्षा हुन्छ ।
- एफएम पत्रकारहरूको पेशागत सुरक्षा कानूनी रुपमा गरिनु पर्ने । त्यसका लागि बिद्यमान कानुनहरू अपर्याप्त भएमा तिनको परिमार्जन गर्न आवश्यक देखिन्छ ।
- भबिश्यमा एफएम पत्रकारहरू पेशागत संकटमा नपरुन भनेर संकटकालिन कोषको स्थापना गर्न आवश्यक छ । यस्तो कोष भएको खण्डमा भबिश्यमा पेशागत संकट पर्दा पत्रकारहरू पेशाबाट पलायन हुनुनपर्ने अबस्था हुने थियो ।
- एफएमबाट समाचार बन्दा प्रयास गर्ने व्यक्ति, समूह, निकायहरूलाई दण्डित गर्ने कानून बनाउन आवश्यक देखिन्छ ।
- एफएमबाट समाचार को महत्वबारेमा जनस्तरमा सचेतना जगाउन आवश्यक छ । यसो गर्दा एफएमबाट समाचार को अधिकार जनस्तरबाटै संरक्षण हुन सक्छ ।
- एफएमहरूमा सुरक्षाकर्मी पस्न निषेध गरिनुपर्छ । ताकि भबिश्यमा सुरक्षाकर्मीहरू एफएममा समाचार मा रोक लगाउन पस्न नसकुन ।

## ६.३ भबिश्यका लागि अध्ययनका बिषयबस्तु

यो शोधपत्रसँग सम्बन्धित अन्य बिषयबस्तुहरू पनि छन् । जसमा भबिश्यमा थप अध्ययन गर्न सकिन्छ । ती यसप्रकार छन् ।

- शाही शासनकालमा एफएम पत्रकारको आर्थिक अबस्था
- शाही शासनकालमा एफएम पत्रकारमा परेको मनोबैज्ञानिक असर
- शाही शासनकालमा एफएम पत्रकारहरूका वैकल्पिक पेशा
- शाही शासनकालमा एफएम पत्रकारहरूको जीवनशैली
- शाही शासनकालमा एफएम पत्रकाहरूको पेशागत स्वतन्त्रता
- शाही शासनकालमा एफएम पत्रकाहरूको पेशागत सुरक्षाको लागि आन्दोलन

यी बिषयबस्तुमा पनि अध्ययन गरिएको खण्डमा हामीले शाही शासनकालमा जारी गरिएका सूचना, आदेश र निर्देशनले एफएम पत्रकारहरूमा परेको असरको बारेमा एउटा पूर्ण तस्बिर पाउन सकिन्छ ।

# सन्दर्भ सामग्री

१. Gibaldi, Joseph. *MLA Handbook for writers of Research Paper* .5th ed. New Delhi. East-West,2000 .

२. Gillmor, Dan.*We the Media*.1st ed. USA. O'Reilly Media, 2003

३. कानून किताब व्यबस्थापन समिति, *नेपालको संविधान २०४७* चौथो संकरण काठमाण्डु कानून किताब व्यबस्थापन समिति २०५२ ।

४. MaQual, Denish. *McQuail's Mass Communication Theory*.4th ed. New Delhi. Sager, 2001.

५ *संचार नीति,* २०४९

६. Tacchi, Jo and Hearn, Greg Hearn. *Ethnographic Research*, New Delhi, UNESCO, 2003.

७ .Wimmer, Roger D and Dominicle, Joseph R. *Mass Media Research: An Introduction* 7th ed . Singapore. Thomson, 2003.

८. गाउँले, शिव । *प्रेस स्वतन्त्रताः संकटका एकबर्ष नेपाल पत्रकार महासंघ,* सन् २००६ ।

९. आचार्य, भानुभक्त । *आमसञ्चार र पत्रकारिता अध्ययन* । २०६४ ।

१०. वन्त, प्रत्यूष, पराजुली, शेखर । *रेडियो पत्रकारिता : एफएममा समाचार र सवाद* । मार्टिन चौतारी । २०६२ ।

११. देउसा राई, लाल, खरेल, परशुराम, खनाल, चिरञ्जीवी । *नेपाली पत्रकारिता :व्यवस्था र व्यवहार* । २०५५ ।

१२. काफ्ले, कपिल । *पत्रकारिता डट खोज* । २०६२, साउन ।

१३. पौड्याल, बद्री, मैनाली, रघु । *संकटकालमा समाचार*। हिमाल किताब । सन् २००७, फेब्रुअरी ।

१४. गाउँले, शिव । *प्रेस स्वतन्त्रता : लोकतन्त्रको एकबर्ष*।

१५. *कान्तिपुर दैनिक,* २०६२, कात्तिक ५ ।

१६. *पत्रकारिता बुलेटिन*। नेपाल पत्रकार महासंघ । २०६२ र २०६३ ।

१७ *चुनौती र जोखिम थपिदैं, प्रेस स्वतन्त्रता बार्षिक प्रतिवेदन -२००८*। नेपाल पत्रकार महासंघ, मे ३ सन् २००८ ।

# अनुसूची एक

## प्रश्नावली

म जानुका मैनाली । स्नातकोत्तर तह पत्रकारिता दोस्रो बर्षको पाठ्यक्रम अनुसार शोधपत्र तयार पार्नुपर्ने हुन्छ । त्यसैले मैले शाही शासनकालमा एफएम रेडियोहरुलाई लक्षित गरी जारी गरिएका आदेश, निर्देशन र सूचनाले उपत्यकामा कार्यरत एफएम पत्रकारमा के कस्तो असर पर्‍यो भन्ने बिषयमा शोधपत्र तयार गर्न गइरहेकी छु । उक्त शोत्रपत्र तयार पार्ने क्रममा यो प्रश्नावली तयार पारेकी छु । त्यसैले निम्न लिखित प्रश्नहरुको जवाफ दिई सहयोग गरिदिनु हुन म अनुरोध गर्दछु ।

### खण्ड क

१ नाम

२ कार्यरत एफएम

३ उमेर

४ लिङ्ग

५ जात

६ धर्म

७ शैक्षिक योग्यता

## खण्ड ख

८. एफएम रेडियोहरुबाट सूचनामूलक तथा समाचारमुलक कार्यक्रमहरु बन्द गर्न तत्कालिन शाही सरकारद्धारा जारी गरिएका आदेश, निर्देशन र सूचना तपाइले कसरी/को बाट थाहा पाउनुभयो ?

क) सरकारी सञ्चारमाध्यमबाट ख) सरकारले पठाएको फ्याक्समार्फत

ग) कार्यालयमा आएका प्रहरीबाट घ) आफ्नो सञ्चारमाध्यमको प्रमुखबाट

ङ) सहकर्मीबाट

९. ती आदेश, निर्देशन र सूचना तपाईलाई कस्तो लाग्यो ?

क) राम्रो लाग्यो ख) नराम्रो लाग्यो ग) डरलाग्यो

१०. ती आदेश, निर्देशन र सूचना कार्यान्वयन गर्न तपाइको एफएम स्टेशनमा सुरक्षाकर्मी आए कि आएनन् ?

क) सुरक्षाकर्मी आए ख) सुरक्षाकर्मी आएनन ग) थाहा भएन

११. सुरक्षाकर्मीको उपस्थितिको कारण तपाइ डराउनु भयो कि भएन ?

क) डराए ख) डराइन

१२. तपाइ कार्यरत एफएममा सुरक्षाकर्मीको उपस्थितिका कारण तपाइको पेशागत स्वतन्त्रतामा असर पर्‍यो कि परेन ?

क) असर पर्‍यो ख) असर परेन

१३. सरकारी आदेश, निर्देशन र सूचनाका कारण समाचार र सूचनामूलक कार्यक्रमहरु बन्द भएपछि तपाइको पेशा संकटमा पर्‍यो कि परेन ?

क) पेशा संकटमा पर्‍यो ख) पेशा संकटमा परेन

१४. ती आदेश, निर्देशन र सूचनाका कारण तपाइमा मानसिक तनाब भयो/भएन ?

क) मानसिक तनाब भयो ख) मानसिक तनाब भएन

१५. समाचारमूलक र सूचनामूलक समाचार बन्द भएपछि तपाइको आयमा असर पर्‍यो कि परेन ?

क) आयमा असर पर्‍यो ख) आयमा असर परेन

१६. समाचार र सूचनामूलक कार्यक्रमहरु बन्द भएपछि तपाइले के गर्नुभयो ?

क) बेरोजगार भए ख) अन्य कार्यक्रम उत्पादन गर्न थाले

ग) पत्रपत्रिकामा काम गर्न थाले घ अन्य पेशामा लागें

१७. तपाइको आयमा असर परेपछि ब्यबहार कसरी चलाउनु भयो ?

क) आंशिक रुपमा काम खोंजे ख) खर्च कटौती गरें

१८. समाचार र सूचनामूलक कार्यक्रममा बन्देज लागेपछि एफएम पत्रकारिताप्रति बिकर्षित हुनभयो/भएन ?

क) भए ख) भइन

सहयोगको लागि धन्यवाद् !

# अनुसूची दुई

## शाही शासनकालमा एफएम रेडियोहरुलाई लक्षित गरी जारी गरिएका केही सूचना, आदेश र निर्देशनहरु

श्री ५ को सरकार
गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय**

दाङ

कार्यालय :५६०
☎ :५६०
:५६०
आवास :५६०

त्रिभुवननगर दाङ

पत्र सङ्ख्या : २०६१/०६२ मिति : २०६२/१/५

चलानी नम्बर : ३५२३

विषय : कार्यक्रम प्रसारण बारे ।

श्री स्वर्गद्वारी सञ्चार केन्द्र
घोराही दाङ ।

सूचना तथा सञ्चार मन्त्रालयको च.नं. २९७० मिति २०६२/१/४ को पत्रानुसार श्री ५ महाराजाधिराज का सम्वाद सचिवालयको मिति २०६१/१०/१९ को विज्ञप्तीद्वारा लागु भएको संकटकालमा रेडियो स्टेशनहरुमा विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम बाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै कार्यक्रम प्रसारण नगर्न सबै एफ.एम.हरुलाई निर्देशन जारी गरिएकोले सो बमोजिम गराउनु भनी लेखी आएकोले अब उप्रान्त त्यस सञ्चार केन्द्रबाट कार्यक्रम प्रसारण गर्दा उक्त निर्देशनको अधिनमा रही प्रसारण गर्नु हुन अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी

# एफएम रेडियो प्रसारकहरुको संयुक्त प्रेस विज्ञप्ति

श्री ५ को सरकारले एकपछि अर्को गर्दै सञ्चारमाध्यमहरूलाई क्रमैसँग असहज अवस्थाबाट कठिन अवस्थातर्फ धकेलिरहेको प्रत्यक्ष अनुभव भइरहेको छ । यही क्रममा श्री ५ को सरकारले पछिल्लोपल्ट सम्पूर्ण सरकारी विज्ञापनहरुबाट स्वतन्त्र सञ्चार माध्यमहरुलाई वञ्चित गर्ने औपचारिक निर्णय गरेको छ । जनताबाट असुलेको कर जनतालाई नै सूचनाको हकबाट वञ्चित गर्ने कार्यमा पर्जनी गर्नु राज्यका लागि असोभनीय पक्ष हो ।

राष्ट्र र राष्ट्रियताका नाममा सञ्चारमाध्यमहरुमा लगाइएको आर्थिक नाकाबन्दी आफैमा हास्यास्पद छ । राष्ट्रियता सञ्चारमन्त्रालयको आदेशमा होइन, नागरिकको स्वाभिमान र गौरवपूर्ण भावनामा अडेको हुन्छ भन्ने हाम्रो विश्वास छ । तसर्थ राष्ट्रियताको दुहाई दिँदै नागरिकको स्वाभिमान र अधिकारमाथि आर्थिक नाकाबन्दी लगाउनु मानव सभ्यताका आधारभूत मान्यताको समेत विपक्षमा रहेको कुरा निर्विवाद छ ।

प्रसारण पत्रकारितासँग सम्बन्धित राष्ट्रिय प्रसारण ऐन लगायत अन्य सञ्चार माध्यमसँग सम्बन्धित ऐनहरूको संशोधनको तयारीका साथै केही नयाँ ऐनहरुको मस्यौदा समेत गरी सम्पूर्ण सञ्चार माध्यमहरुमा कडा सरकारी हस्तक्षेपको कष्टकर वातावरण तयार गर्न लागेको जानकारी हुन आएको छ । यो मुलुककै लागि दुर्भाग्यपूर्ण हुने हाम्रो ठहर छ ।

नेपाल अधिराज्यको संविधान २०४७ ले परिकल्पना गरेअनुरुप सर्वसाधारण जनताका लागि सूचना, शिक्षा र मनोरञ्जनको अभिन्न अंगका रुपमा स्थापित एफएम रेडियोहरुलाई कुनै पनि समाचार, सूचना, विचार र अभिव्यक्ति प्रसारण गर्नबाट वञ्चित गरी सञ्चार मन्त्रालयले स्वतन्त्र प्रेसको संवैधानिक आधार र अवधारणालाई नै चुनौती दिएको छ । यसका अतिरिक्त समाचार संकलन र लेखन गरेबापत पत्रकारलाई गिरफ्तार गर्ने, स्वतन्त्र पत्रकारिता गर्न नदिने जस्ता कार्यहरु भैरहेका छन् । सरकारका यी सबै गैरसंवैधानिक कार्यहरूप्रति हामी विरोध जनाउँछौं ।

श्री ५ को सरकारको यस्ता कठोर कदमहरुबाट निजी क्षेत्रका सम्पूर्ण स्वतन्त्र सञ्चारमाध्यमहरु धराशायी हुनुका साथै जनताको सूचनाको हकको अन्त्य समेत हुने निश्चित छ ।

यसैगरी रेडियो नेपालले एफएम रेडियोहरुका नाममा जारी गरिरहेको सार्वजनिक सूचनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । एफएम रेडियोहरुले रेडियो नेपालको समाचार प्रसारण गर्नु कानुनको बाध्यात्मक व्यवस्था हो । यस्तो बाध्यात्मक व्यवस्थाप्रति हामीले पटक पटक सूचना तथा सञ्चार मन्त्रालयका पदाधिकारीहरूसँग व्यापक असहमति जनाएको स्मरण गराउन चाहन्छौं ।

रेडियो नेपालले पहिले पनि एफएम रेडियोहरूबाट बाध्यात्मक रूपमा राष्ट्रिय समाचारको बुलेटिन प्रसार भएकोमा शुल्क असुल्ने नियत राखेको थियो । एफएम रेडियोहरूले पनि रेडियो नेपालको समाचार प्रसार गरे बापत रेडियो नेपाललाई कुनै शुल्क तिर्नु नपर्ने र एफएम रेडियोहरूले पनि कुनै शुल्क लिन नपाउने गरी २०५५ सालमै सूचना तथा सञ्चार मन्त्रालयको मन्त्रीस्तरको निर्णय भएको छ । रेडियो नेपालले मन्त्रालयको सो निर्णयलाई समेत अवज्ञा गरिरहेको छ र मन्त्रालयले पनि आफ्नो निर्णयको कार्यान्वयन गराउन सकेको छैन । यस क्षणमा एफएम रेडियोहरूलाई बाध्यात्मक रूपमा रेडियो नेपालको समाचार बजाउनुपर्ने अवस्थाको अन्त्य गरिनु पर्ने माग हामी पुन दोहोर्याउँछौं ।

हाल रेडियो नेपालले एफएमका नाममा जारी गरेको सूचनालाई हामीले कानुनको धज्जी उडाउने न्यूनकोटीको फौज्दारी घोषणा ठानेका छौं । कानुनको ठाडो उल्लङ्घन गरेर यस्ता प्रकृतिका सूचना जारी गरी कानुनीराजको न्यूनतम दायराभन्दा बाहिर नजान हामी रेडियो नेपाललाई अनुरोध गर्दछौं । यस सम्बन्धमा मन्त्रालयबाट तत्काल स्पष्ट निर्णयको अपेक्षा हामीले गरेका छौं ।

| | | |
|---|---|---|
| रघु मैनाली | विष्णुहरि ढकाल | घमराज लुईटेल |
| अध्यक्ष | महासचिव | महासचिव |
| सामुदायिक रेडियो प्रसारक संघ | ब्रोडकास्टिङ एशोसिएसन अफ नेपाल | काठमाडौं उपत्यका एफएम प्रसारक मञ्च |
| मिति: २०६१।१।२९ | | |

# स्वतन्त्र रेडियो आन्दोलन काठमाडौं घोषणापत्र

## २०६२ असार १०

*हामी नेपालका सबै स्वतन्त्र एफ.एम. रेडियो स्टेशनहरू, रेडियो पत्रकारहरू तथा स्वतन्त्र रेडियोको अधिकारका लागि क्रियाशील व्यक्ति तथा संस्थाहरूसमेत,*

*नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेका अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रताको सुनिश्चितता, प्रजातान्त्रिक सरकारले बनाएको सञ्चार नीति २०४९ र तिनै आधारमा बनाइएका छापाखाना तथा प्रकाशन ऐन २०४८, राष्ट्रिय प्रसारण ऐन २०४९, यीसंग सम्बन्धित नियमावलीका साथै सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तहरूसमेतले प्रदान गरेको संवैधानिक तथा कानूनी प्रावधानको पूर्ण सम्मान गर्दै नेपालमा स्वतन्त्र रेडियो आन्दोलनको सफलताका लागि प्रतिबद्धता जाहेर गर्दछौं ।*

*नेपाली समाजको विकास र मुलुकमा प्रजातान्त्रिक प्रक्रियालाई अघि बढाउन तथा प्रजातन्त्रको प्रवर्द्धन, शान्ति, स्थायित्व, सद्भाव र प्रगतिका लागि स्वतन्त्र रेडियोले पुऱ्याएको योगदानप्रति हामी गौरव गर्दछौं ।*

*साथै प्रजातान्त्रिक नेपालमा विद्यमान कानूनहरूको पूर्ण पालना गर्ने प्रतिबद्धतालाई दोहोऱ्याउँदै हामी यो घोषणा गर्दछौं कि -*

१. स्वतन्त्र रेडियोहरू श्रोताहरूमाझ स्थापित, स्थानीय विषयवस्तुमा आधारित, जनताको सजिलो पहुँच भएका आम सञ्चारका सुपथ, सही, सरल र प्रभावकारी माध्यम हुन् । स्वतन्त्र रेडियोका आवाज दबाउनु भनेको आवाजविहीन जनताको आवाज दबाउनु हो । स्वतन्त्र रेडियोमाथि दमन गर्नु भनेको स्थानीय तहका सूचनालाई जनतामा प्रवाहित गर्ने जनतामा आधारित संयन्त्रमाथिको ठाडो आक्रमण पनि हो ।

२. स्वतन्त्र रेडियो भनेको जनतालाई स्वतन्त्र, निष्पक्ष, सन्तुलित र विश्वसनीय समाचार उपलब्ध गराउने उपयुक्त माध्यम हो । स्वतन्त्र रेडियो कार्यक्रमले सरकार वा विद्रोही पक्षले तिनका रेडियोबाट गर्ने गलत प्रचारबाजी (Propaganda) ले निम्त्याउने सूचनाको खाडल पुरेर वास्तविक र यथार्थ खबर जनतामा पुऱ्याउँछ । यसले खुला र सहभागितामूलक समाज बनाउन पनि मद्दत गर्छ ।

३. सरकारले स्वतन्त्र रेडियोमाथि लगाएका सबै खालका रोक तत्काल हटाउनु पर्दछ । र, समाचार तथा समाचारमूलक कार्यक्रमका साथै विज्ञापनमाथि लगाइएको स्वेच्छाचारी नियन्त्रण र पत्रकारहरूलाई हतोत्साही गर्ने काम रोकी तत्काल स्वतन्त्र रेडियोले स्वतन्त्र रुपमा काम गर्ने वातावरण तयार गर्नु पर्दछ ।

४. स्वतन्त्र रेडियोहरूका समाचार तथा सूचनामूलक कार्यक्रममाथिको बन्देजले रेडियो पत्रकारहरूको पेशागत अस्तित्वलाई नै चुनौती दिएको छ । यो अवस्थामा हामी पूर्ण प्रेस स्वतन्त्रता र रेडियो पत्रकारहरूको पेशागत अधिकारको प्रत्याभूति गर्दै उनीहरुको पुनर्बहाली गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

५. आम सञ्चारमाध्यमका भूमिकाबारे विश्वव्यापी रुपमा स्वीकार गरिएका नीति र आधारभूत मानवअधिकारको विश्वव्यापी सिद्धान्तलाई अङ्गीकार गर्दै तथा संविधान र कानूनका प्रावधानबाहेकका कुनै पनि हस्तक्षेप वा सम्झौतालाई अस्वीकार गर्दै राष्ट्र, राष्ट्रियता र राष्ट्र निर्माणका सबै विषयमा खुला र स्वतन्त्र बहस गर्न पाउनुपर्ने जनताका आवाजलाई निरन्तर उठाइरहने छौं ।

६. अभिव्यक्ति स्वतन्त्रता नै छलफल र सहमतिको आधारभूत उपाय हो भन्ने हाम्रो विश्वासलाई दोहोऱ्याउँदै यसले सबै खालका द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्न सहयोग गर्दछ भन्ने हाम्रो मान्यता छ । तसर्थ, जनताले चाहना गरेको शान्ति बहालीका लागि संविधानले प्रत्याभूत गरेको अभिव्यक्ति स्वतन्त्रताको अधिकार सरकारले स्वतन्त्र रेडियोहरूलाई तत्काल उपलब्ध गराउनु पर्दछ ।

७. हामी राज्यको सुरक्षा चासोप्रति सदा सजग छौं तर अहिले मुलुकमा चलेको द्वन्द्वको समाधान सूचनालाई नियन्त्रण गरेर होइन, राजनीतिक सम्वादबाट मात्र खोज्न सकिन्छ भन्ने हाम्रो विश्वास छ ।

८. स्वतन्त्र र निष्पक्ष रेडियो प्रसारण सेवाको अभावमा सही सूचना प्रवाहका क्षेत्रमा शून्यता रहन्छ । तसर्थ, अहिले चलिरहेको स्वतन्त्र रेडियो बचाउ आन्दोलनले विभिन्न खालका विचार, अभिव्यक्ति र सूचनालाई प्रवाह गर्ने सञ्चारमाध्यमको बहुलतालाई समेत प्रतिनिधित्व गरेको छ ।

*नेपालका स्वतन्त्र प्रसारक, सञ्चारकर्मी र स्वतन्त्र रेडियोका पक्षधरहरूको यो पहिलो राष्ट्रिय भेलाका हामी सहभागीहरू २०६१ माघ १९ गतेपछि स्वतन्त्र रेडियोहरूमाथि लगाइएका सबै खालका प्रतिबन्धहरू हटाउन गरिएका आन्दोलनलाई पूर्ण रुपमा समर्थन गर्दछौं । साथै, प्रजातान्त्रिक नेपालका सार्वभौम जनताले कानूनी शासनका आधारमा आफ्नो व्यावसायिक दायित्व निर्वाह गर्ने तथा राष्ट्र निर्माणमा सहभागी हुने अधिकार निर्बाध रुपमा प्राप्त गर्नुपर्दछ भन्ने मान्यता राख्दछौं ।*

श्री ५ को सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

ललितपुर
(.................................. फाँट)
प्रशासन

☎ ५५२३०५१
५५२११६५
५५२२०६०

लक्ष्मी निवास, ललितपुर

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
चलानी नं.:- ४६८६

मिति : २०६ २/१ /२१/

विषय :-

श्री जिल्ला प्रहरी कार्यालय, ल.पु , ।

श्री रेडियो सगरमाथा
सानेपा, ललितपुर ।

श्री कान्तिपुर एफ . एम
पुल्चोक ।

श्री पर्यावरण चक्र रेडियो
एफ . एम . टैव, ललितपुर ।

श्री ५ महाराजाधिराजका सम्वाद सचिवालयको मिति ०६१।१०।१८ को विज्ञप्ती व्दारा लागु भएको संकटकालमा रेडियो स्टेशनहरुको विशुद्ध मनोरंजनात्मक कार्यक्रम बाहेक अन्य कुनै पनि प्रकारको समाचार सूचना, लेख, विचार, अभिव्यक्ति लगायतका कार्यक्रम प्रशारण नगर्न मिति ०६१।१०।२० मा सबै एफ.एम हरुलाई निर्देशन जारी गरिएकोमा उक्त निर्देशनको पूर्ण पालना गराउन हुन भनि क्षेत्रीय प्रशासन कार्यालय मध्यमाञ्चल विकास क्षेत्र हेटौंडाको च. नं २१०७ को मिति ०६२।१।१८ को पत्र साथ लेखि आएकोले उपरोक्त अनुसार गर्नु हुन आदेशानुसार अनुरोध छ ।

०६२।१।२२

श्री ५ को सरकार
# सूचना तथा सञ्चार मन्त्रालय
(राष्ट्रिय प्रसारण २०४९ शाखा)

फोन नं. ४-२२७७२८
४-२२५५५६

०६०।६१ च.नं. २६१६

पत्र संख्या:-

सिंहदरबार, काठमाडौं ।
टेलिफ्याक्स: ०६१।११।४६२१७२९

मिति:

विषय:- राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ८ को खण्ड (च) बमोजिम निर्देशन ।

श्री नेपाल वातावरण पत्रकार समूह
रेडियो सगरमाथा, पुल्चोक ललितपुर ।

उपर्युक्त विषयमा संकटकाल लागु रहेको अवस्थामा तहां रेडियो स्टेशनले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम बाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेखा, विचार, अभिव्यक्ति लगायतका कुनै कार्यक्रम प्रसारण नगर्न मिति ०६१।१०।२० मा नेपाल राजपत्रमा सूचना प्रकाशन भएको व्यहोरा तहां अवगतै छ ।

उपर्युक्त सूचनाको पूर्ण पालना हुन पुनः अवगत गराउंदछु । कसैले निर्देशन विपरित कुनै पनि कार्यक्रम प्रसारण गरेको पाइएमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १७ बमोजिम कारवाही गरिने व्यहोरा आदेशानुसार जानकारी गराउंदछु ।

(पशुपति प्रसाद पौडेल)
शाखा अधिकृत

श्री ५ को सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

(.............................................. शाखा)

फोन नं. ४-[illegible]७१५०, ४-२२७७२८, ४-२२५५५६, ४-२२१६४७, ४-२२७५१५, ४-२२९४७२

सिंहदरबार, काठमाडौं ।

प्राप्त पत्र संख्या र मिति :-

पत्र संख्या :- ।०६२।६३च.नं. ११८६

मिति:- २०६२।८।२९

विषय:- पि.बि.सि. स्याटेलाईट रिसिभर फिर्ता गरेको बारे ।

श्री नेपाल वातावरण पत्रकार समूह,
रेडियो सगरमाथा (१०२.४) बखुन्डोल,
ललितपुर ।

त्यस एफ.एम. प्रसारण संस्थाद्वारा बि.बि.सि. नेपाली सेवा कार्यक्रम प्रसारणमा प्रयोग भएको स्याटेलाईट रिसिभर थान एक अनुसन्धानको सिलसिलामा त्यहाँबाट यस मन्त्रालयमा पठाईएकोमा तहाँको मिति २०६२।८।२९ को फ्याक्स पत्रद्वारा उक्त उपकरण फिर्ता माग भएकोले यसै पत्रसाथ फिर्ता पठाईएको व्यहोरा आदेशानुसार अनुरोध गर्दछु ।

दि. ०६२।८।२५

(श्याम चालिसे)
शाखा अधिकृत

श्री ५ को सरकार
**सूचना तथा सञ्चार मन्त्रालय**

फोन नं. ४-२२०१५०, ४-२२७७२८, ४-२२५५५६, ४-२२१६४७, ४-२२७५१५, ४-२२९४७२

सिंहदरबार, काठमाडौं ।

प्राप्त पत्र संख्या र मिति :-
पत्र संख्या :- ५५४

मिति: २०६२/८/१२

विषय:- प्रसारण कार्य रोक्का गर्ने ।

श्री रेडियो सगरमाथा,
कुपनडोल सानेपा, ललितपुर ।

तहाँ प्रसारण संस्थाले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा १५ को खण्ड (घ) र खण्ड (ज) तथा इजाजतपत्रको शर्त विपरित आतंककारी एवं आतङ्कवादलाई प्रोत्साहन पुग्ने कार्यक्रम प्रसारण गरेको पाइएको हुँदा प्रसारण कार्य अर्को आदेश नभए सम्म रोक्का गर्न राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (ञ) एवं नियम ९ को खण्ड (झ) बमोजिम प्रसारण कार्य रोक्का गर्न यो निर्देशन दिइएको छ ।

(राजिव प्रसाद गुप्ता रौनियार)
वरिष्ट टेक्निकल अफिसर

# राष्ट्रिय प्रसारण ऐन, २०४९

लालमोहर र प्रकाशन मिति
२०५०।२।२७४

२०४९ सालको ऐन नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

राष्ट्रिय प्रसारण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : नेपाल अधिराज्यको संविधान, २०४७ द्वारा प्रत्याभूति गरिएको जनताको अभिव्यक्ति स्वतन्त्रता तथा सुसूचित हुन पाउने हकलाई संरक्षण एवं सम्बर्द्धन गर्न तथा प्रसारण प्रणालीको माध्यमबाट मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलापलाई जनसमक्ष पु-याई सबै जाति, भाषा, वर्ग, क्षेत्र र धार्मिक सम्प्रदाय बीच समानता, आपसी सद्भावना र सामन्जस्यताको वातावरण सृजना गरी राष्ट्रभाषा एवं राष्ट्रिय भाषाको माध्यमबाट समेत जन चेतना जगाउन,

सूचना र सञ्चारका क्षेत्रमा उपलब्ध आधुनिक प्रविधिको प्रयोग गरी प्रसारणका माध्यमहरुलाई विश्वसनीय, प्रभावकारी एवं सुदृढ बनाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा भएका निष्पक्ष एवं आधिकारिक समाचार तथा सूचनाको जानकारी आम जनताले पाउने गरी सूचनाको प्रवाहलाई निर्वाध रुपले प्रसारण गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय प्रसारण ऐन, २०४९" रहेकोछ ।

(३) भू-उपग्रह प्रसार केन्द्रको स्थापना तथा प्रसारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०. प्रसारण तथा वितरण शुल्क : प्रसारण संस्थाले कुनै कार्यक्रम वितरण गरी सञ्चालन गर्न चाहेमा श्री ५ को सरकार वा तोकिएको संस्थालाई तिर्नु पर्ने शुल्क र त्यस्तो कार्यक्रम उपयोग गर्ने व्यक्ति वा संस्थाबाट लिनु पर्ने शुल्क तोकिए बमोजिम हुनेछ ।

११. कार्यक्रम उत्पादन तथा प्रसारण : प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनु पर्नेछ :-

(क) कृषि, शिक्षा, उद्योग, वाणिज्य, विज्ञान र प्रविधि, स्वास्थ्य, परिवार नियोजन र वन तथा वातावरण संरक्षण जस्ता विकासमूलक कार्यक्रमहरु,

(ख) सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदाय बीच समानता, आपसी सद्भावना र सामन्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरु,

(ग) नेपालका विभिन्न भाषा र संस्कृतिको उत्थानमा सहयोग पु-याउने कार्यक्रमहरु,

(घ) राष्ट्रिय हित र राष्ट्रिय एकतामा अभिवृद्धि गराउने विषयका कार्यक्रमहरु,

(ङ) राष्ट्रिय चेतना तथा नैतिक जागरण बृद्धि गर्ने विषयका कार्यक्रमहरु,

(च) जनतामा सामाजिक चेतना बढाउने र प्रजातान्त्रिक मूल्य, मान्यता एवं संस्कारको विकास गराउने किसिमका कार्यक्रमहरु,

(छ) नेपाल र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरुसंगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरु,

(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरु,

(झ) लोक गीत र लोक संस्कृतिको प्रवर्द्धन हुने कार्यक्रमहरु,

(ञ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भए गरेका महत्वपूर्ण गतिविधिहरु ।



१२. कार्यक्रम उत्पादन तथा प्रसारणमा निजी क्षेत्रलाई सहभागी गराउन सकिने : कार्यक्रम निष्पक्ष, सरल, सक्षम तथा प्रभावकारी बनाउन सरकारी क्षेत्रको अतिरिक्त निजी क्षेत्रलाई समेत सहभागी गराउन सकिनेछ ।

१३. विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमलाई प्रसारण समय उपलब्ध गराउन सकिने : विदेशी प्रसारण संस्था वा सञ्चार माध्यमहरुले प्रसारण संस्थाबाट कुनै कार्यक्रम प्रसारण गराउन चाहेमा राष्ट्रिय हितमा प्रतिकूल प्रभाव नपर्ने गरी तोकिएको मापदण्डको आधारमा शिक्षाप्रद, मनोरन्जनात्मक तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्न समय उपलब्ध गराउन सकिनेछ ।

१४. विज्ञापन प्रसारण गर्न समय उपलब्ध गराउन सकिने : कसैले कुनै विषयमा प्रचार प्रसार गरी आम जनतामा विज्ञापन प्रसारण गराउन चाहेमा त्यस्तो व्यक्ति, संस्था वा निकायबाट तोकिएको दस्तूर लिई विज्ञापन प्रसारण गराउने समय उपलब्ध गराउन सकिनेछ ।

तर जनस्वास्थ्यलाई हानि पु-याउने धुम्रपान तथा मदिरा जस्ता पदार्थहरुको विज्ञापन प्रसारणलाई निरुत्साहित गरिनेछ ।

१५. विज्ञापन प्रसारण गर्न नपाइने : (१) दफा १४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले पनि देहायका कुराहरुको विज्ञापन प्रसारण गर्न गराउन पाउने छैन:-

(क) राजनैतिक दलहरुलाई प्रतिकूल असर पर्ने विषयका कुराहरु,

(ख) अश्लिल किसिमका सामग्रीहरु,

(ग) निर्वाचित सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्रीहरु,

(घ) जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने प्रकृतिका कुराहरु,

(ङ) नेपालको असंलग्न परराष्ट्र नीति विपरीतका कुराहरु,

(च) कुनै पनि जाति, भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यांकन गर्ने सामग्रीहरु ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचनको समयमा श्री ५ को सरकारले निर्वाचन आयोगको परामर्श लिई कुनै पनि राजनैतिक दललाई आफ्नो घोषणापत्र, कार्यक्रम वा त्यस्तो दलको दर्शन जस्ता कुराहरुको जानकारी गराउन दिनलाई यस दफाको कुनै कुराले बन्देज लगाएको मानिने छैन।

श्री ५ को सरकार

# सूचना तथा सञ्चार मन्त्रालय

(............ श्रव्य दृश्य तथा प्रसारण ............ शाखा)

फोन नं. ४-२२०१५०, ४-२२७७२८, ८-२२५५५६

पत्र संख्या:- ७/०६१।६२ च.नं. ९८९८

सिंहदरबार, काठमाडौं ।
टेलिफ्याक्स: ९७७-१-४२२१७२९

मिति:- ............ २०६१।१०।२०

विषय:- राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ८ को खण्ड (च) बमोजिम निर्देशन ।

५४३

श्री नेपाल वातावरण पत्रकार समूह (रेडियो सगरमाथा)
बखुन्डोल, ललितपुर ।

श्री ५ महाराजाधिराजका सम्वाद सचिवालयको मिति ०६१।१०।१९ को विज्ञप्तीद्वारा लागु भएको संकटकालमा तहाँ रेडियो स्टेशनहरुले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम बाहेक अन्य कुनै पनि प्रकारको समाचार, सुचना, लेख, विचार, अभिव्यक्ति लगायतका कुनै कार्यक्रम प्रसारण नगर्न हुन यो निर्देशन जारी गरिएको छ ।

कसैले यो निर्देशन विपरीत कुनै पनि कार्यक्रम प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा १७ बमोजिम कारवाही गरिने व्यहोरा आदेशानुसार जानकारी गराइन्छ ।

(पशुपति प्रसाद पौडेल)
शाखा अधिकृत

# श्री ५ को सरकार

## सूचना तथा सञ्चार मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारबाट मिति ०६१।१०।१९ मा बक्सभएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतङ्ककारी तथा विध्वंसात्मक र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्षरूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना अभिमत वा व्यक्तिगत विचारसमेत प्रसारण गर्नमा यो सूचना प्रकाशन भएको मितिले ६ महिनासम्म निषेध गरिएको छ। कसैले यो सूचना उल्लङ्घन गरी निषेधित कुराहरू प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को व्यवस्था बमोजिम कारबाही गरिने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

समाप्त